खोजतलास
www.khojtalashonline.com
राष्ट्रिय साप्ताहिक

Advertise @ Rs. 2000/- ONLY in
www.khojtalashonline.com
Youtube Intragarm
Intragarm & LinkedIn
Tiktok Fb Page
The Cheapest Advertisement Ever
9810236098, 9841490155, 9818696089

वर्ष २६ अंक २२ ◆ ३० चैत्र २०७९, बिहीबार (13 April, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रु २०/-

# देउवालाई ओलीद्वारा प्रधानमन्त्रीको ललिपप

काठमाडौं। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली जसरी हुन्छ प्रचण्ड नेतृत्वको सरकार ढाल्न लागिपरेका छन्। उनले विभिन्न सूत्रमार्फत् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीको प्रस्ताव गरेका छन्। देउवालाई संसदको चुनावसम्म प्रधानमन्त्री बन्न ओलीको प्रस्ताव छ। यसबाट देउवा पनि उत्साही हुन थालेका छन्। उनले मङ्गलबार राजधानीमा बोल्दै चाँडै आफ्नो दलको नेतृत्वमा सरकार बन्ने बताए। उनको आशय आफू प्रधानमन्त्री बन्ने नै थियो।

केही दिन अघि नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले प्रचण्ड नेतृत्वको सरकारलाई ढाल्न सक्ने बताइसके। यो भनाई अर्थपूर्ण छ। देउवा ओलीको प्रस्तावबारे सोचनीय भएबाट पौडेलले यसो भनेका हुन्। प्रचण्डले चुनावलगत्तै आफूलाई धोका दिएको पीडा देउवालाई छ। नेपाली राजनीतिमा धोकाधडी र समिकरणको बदलाव चलिरहने लक्षण देखिइसकेको छ। सरकारमा मन्त्रिमण्डल नै पूरा हुन सकेको छैन। ठूला दुई दल काँग्रेस र एमालेको टकरावमा साना दलले फाइदा लिइरहेको चर्चा पनि छ। ओलीले पहिलो र दोस्रो ठूला दल मिलेर जाने सन्देश देउवालाई पठाइरहेका छन्।

सत्ता गठबन्धनको मुख्य घटकमध्येको नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले देउवालाई



संसदको बाँकी कार्यकालभर प्रधानमन्त्री बन्न देउवाबाट प्रस्ताव गएको सूचना पाएको खुलाएका छन्। विदेशी सञ्चारकर्मीसँगको गत शुक्रवारको अर्न्तक्रियामा नेता नेपालले ओलीबाट त्यस्तो प्रस्ताव गएको जानकारी पाएको बताएका हुन्। देउवा ओलीको प्रस्तावबाट प्रभावित हुनसक्ने चिन्ता माधव नेपाललाई छ। त्यसो त नेता नेपाललाई पनि ओलीले राष्ट्रपति बन्न प्रस्ताव पठाएका थिए। तर, उनले अस्वीकार गरिदिए। ओलीको चाहना माधव नेपालले नै पद मागुन् भन्ने थियो जुन उनले मागेनन्। यी दुई नेताबीच इगोको लडाईं चलिरहेको छ। अर्कोतर्फ, प्रचण्डसँग ओलीको बारम्बार टकराव बनेको छ। सत्ता समिकरण बदलेकोमा ओलीमा बदलाको भावना छ। उनी देउवालाई प्रधानमन्त्री बनाएर भएपनि प्रचण्डलाई सत्ताबाट झार्न चाहन्छन्। सत्ता समिकरणमा फेरबदल भइरहँदा प्रधानमन्त्रीको कुर्सीले फेरि बदलिने सम्भावना उत्तिकै छ। नेपालको संसदमा नेपाली काँग्रेस पहिलो र एमाले दोस्रो ठूलो दल हो। तर, यी दुई दलबीचको सत्ता संघर्षको फाइदा तेस्रो ठूलो दल पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्रले उठाइरहेको छ। उसैले गठबन्धन सरकारको नेतृत्व झण्डै ४ महिनायता गर्दै आएको छ।

# फाष्ट ट्र्याक सेना बदनाम बनाउने काम

काठमाडौं। फाष्ट ट्र्याकका कारण नेपाली सेना बदनाम बन्ने भएको छ। सेनालाई ५० अर्ब माथिको निर्माण ठेक्का दिने निर्णय लिएर नेताहरुले गम्भीर गल्ती गरेका छन्। यसले समयमा काम नहुने त छँदैछ सेनाको प्रतिष्ठामा पनि आँच पुऱ्याउन सक्छ। सेनाले जुन समयमा काम पूरा गर्ने भनेको छ त्यसको १० वर्षपछि पनि फाष्ट ट्र्याक नबन्ला जस्तो भएको छ। फाष्ट ट्र्याकको जञ्जालले एकपछि अर्को समस्याहरु आइरहेको छ।




५० अर्बभन्दा माथिको राष्ट्रिय गौरवको यो आयोजनाले राष्ट्रकै अपमान हुने अवस्था विकास भइरहेको छ। सेनाले २०८१ सालभित्र पूरा गर्नुपर्ने भएपनि २०९० सालभित्र पनि पूरा नहुने गरी गतिविधिहरु हुन थालेका छन्। कोरोना भाइरस संक्रमणको दुई वर्षे अवधि देखाएर थप दुई वर्ष लम्ब्याउन सेनाले पत्र बढाइसकेको छ। अर्कोतर्फ, काम ढिलो गरी बदनाम भएका चिनियाँ निर्माण कम्पनीले ठेक्का पाउनुले पनि समस्या देखिएको छ। २०७४ साउन २७ मा सेनाले निर्माणको जिम्मेवारी पाएको फाष्ट ट्र्याकको डिपिआरमा निकै चलखेल भयो। विवादास्पद कम्पनीको डिपिआर स्वीकृत भयो। २०७८ मा आयोजना सम्पन्न नै लक्ष्य निर्धारण थियो। फाष्ट ट्र्याक चुनौतीपूर्ण आयोजना भएकाले तत्कालीन सरकारले सेनालाई जिम्मेवारी दियो। पुरातात्विक महत्वको क्षेत्र खोकना पनि फाष्ट ट्र्याकमा पर्ने भएकाले सरकार सेनालाई जिम्मा दिएर छिटो काम सकिनेमा विश्वस्त थियो। तर, जुन गतिमा काम भइरहेको छ त्यसले अबको पाँच वर्षभित्र फाष्ट ट्र्याकमा काठमाडौंबाट बारासम्म सवारी गुडाउने नेपालीको सपना पूरा नहुने छाँट देखिएको छ।

सेनाले नयाँ कार्ययोजना अनुसार म्याद थपेर २०८१ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेकोमा अवधि बढाउँदै लान स्वीकृतीका लागि पत्र नै रक्षा र अर्थ मन्त्रालय पुगेको छ। मन्त्रालय हुँदै क्याबिनेटबाट यसलाई पारित गर्न खोजिएको छ। अब फाष्ट ट्र्याक पूरा

बाँकी सातौं पृष्ठमा

# प्रचण्डको घोषणाले धमाधम कित्ताकाट

काठमाडौं। लामो समययता सुस्ताएको घरजग्गा कारोबार पुनः फष्टाउन थालेको छ। कित्ताकाटको तयारी चल्न थालेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले घरजग्गा कारोबारमा रहेको मन्दी अन्त गर्न पुरानै अवस्थामा कित्ताकाटको




व्यवस्था गर्ने घोषणा गरेपछि यस्तो अवस्था विकास भएको हो। प्रचण्डले ४ आनाभन्दा कम कित्ताकाट गर्न नपाउने नयाँ व्यवस्थालाई पुरानै व्यवस्थाको त्योभन्दा पनि कम गर्न पाउने बनाउन दिने खुलाए।

घरजग्गा कारोबारमा मन्दी आउँदा अर्थतन्त्रमा नकारात्मक असर परेको छ। यसलाई दृष्टिगत गरी सरकारले कित्ताकाटलाई पुरानै अवस्थामा फर्काउन लागेको हो। प्रधानमन्त्री प्रचण्डले सोमबार नेपाल चेम्बर अफ कमर्शको वार्षिकोत्वसमा घरजग्गा कारोबारको मन्दीले पारेको असरबारे बोले। यसकारण पनि पुरानै व्यवस्था लागू गर्नेतर्फ सरकार पुगेको संकेत गरे। पछिल्लो समय सरकारले काठमाडौं उपत्यकासहित मुख्य शहरहरुमा ४ आना भन्दा कम कित्ताकाट रोकेको थियो। यसले घरजग्गा कारोबारमा मन्दी आयो। प्रचण्डले कित्ताकाट ४ आनाभन्दा कम पनि गर्न मिल्ने गरी पुरानै व्यवस्थामा फर्काउने खुलाए। उनले बैंकको ब्याजदर पनि घटाउने उपाय ल्याउने बताए।

# समाजसेवामा समर्पित हुँदै महर्जन





सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि.
पुल्चोक, ललितपुर
मिति २०७७ पौष २४ गते सुमेरु मार्ट, सातदोबाटो ललितपुरमा सम्पन्न
२०औं बार्षिक साधारणसभा
सेयर सदस्य महानुभावहरुको उपस्थिती विवरण

प्रमुख अतिथि : भरत महर्जनज्यू
विशेष अतिथि : [illegible]

| क.स | नाम | ठेगाना | पद | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| १ | हेमराज दाहाल | ललितपुर | अध्यक्ष | |
| २ | विकास महर्जन | ललितपुर | उपाध्यक्ष | |
| ३ | बिनोद आचार्य | ललितपुर | सचिव | |
| ४ | सुनिल डंगोल | ललितपुर | कोषाध्यक्ष | |
| ५ | दिलिप कुमार डंगोल | ललितपुर | स. सदस्य | |
| ६ | रमेश महर्जन | ललितपुर | स. सदस्य | |
| ७ | स्वच्छन्दा मानन्धर | ललितपुर | स. सदस्य | |
| ८ | दिनेश आचार्य | ललितपुर | ले. संयोजक | |
| ९ | अनोज पौडेल | ललितपुर | से. सदस्य | |
| १० | राम कृष्ण अवाले | ललितपुर | से. सदस्य | |
| ११ | मनिषा महर्जन | ललितपुर | से. सदस्य | |
| १२ | सुदिप मल्ल | ललितपुर | से. सदस्य | |
| १३ | सिमा के.सी | ललितपुर | से. सदस्य | |
| १४ | प्रमिला थापा मगर | ललितपुर | से. सदस्य | |
| १५ | सुनिल थापा | ललितपुर | से. सदस्य | |
| १६ | सुप्रिति सिंह | ललितपुर | से. सदस्य | |
| १७ | लक्ष्मी सिंह | ललितपुर | से. सदस्य | |
| १८ | कपिला राजबाहक | काठमाडौं | से. सदस्य | |
| १९ | अनिल महर्जन | ललितपुर | से. सदस्य | |
| २० | महेश जंग थापा | काठमाडौं | से. सदस्य | |
| २१ | सचिन महर्जन | ललितपुर | से. सदस्य | |
| २२ | आषिश महरा | भक्तपुर | से. सदस्य | |
| २३ | सरु क्षेत्री | ललितपुर | से. सदस्य | |
| २४ | रवि कुमार शाह | ललितपुर | से. सदस्य | |
| २५ | गौरव बहादुर कार्की | ललितपुर | से. सदस्य | |
| २६ | श्री भक्त महर्जन | ललितपुर | से. सदस्य | |
| २७ | मलिना लामा(हेन्जन) | ललितपुर | से. सदस्य | |

ललितपुर। ललितपुर धापाखेल निवासी भरत महर्जनले समाजसेवामा पुऱ्याएको योगदानका कारण पछिल्लो समय समाजसेवीको रुपमा महर्जन चिर–परिचित हुनुहुन्छ।

सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ लिमिटेडको अध्यक्षता गरिरहेका महर्जनले सत्रौं साधारणसभादेखि सम्पूर्ण जिम्मेवारी अध्यक्ष हेमराज दाहाललगायत संचालक समितिलाई सम्पूर्ण दायित्व बहन गर्ने गरी जिम्मेवारी दिनुभएको थियो।

सहकारीको अध्यक्षता छाडेपछि महर्जनले विशुद्धरुपमा समाजसेवामा आफ्नो दैनिकी बिताउँदै आइरहनुभएको छ। उहाँको मुल मर्म नै 'सेवा नै धर्म हो, मन बचन र कर्मले सेवा गरौं' भन्ने भावनाले ओतप्रोत भई लागिरहनुभएको छ।

परोपकारी सोच र पुण्य कार्यमा सदा अगाडि बढ्ने उद्देश्यका साथ महर्जनले सामाजिक, धार्मिक, शिक्षा, आर्थिकलगायत थुप्रै क्षेत्रमा गरेका पुण्य कार्यका कारण पनि अहिले महर्जनको नाम समाजसेवीको रुपमा परिचित भइसकेको छ।

महर्जनले आफूले अध्ययन गरेको श्रीकृष्ण माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षता गरी विद्यालयको स्तरउन्नती गर्नुका साथै नमुना सामुदायिक विद्यालय बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

त्यस्तै, ललितपुर महानगरपालिका वडा नं. २३ को नेपालकै नमुना वडा कार्यलयदेखि लिएर सर्वसाधारणको जिउधनको सुरक्षार्थ खटिने प्रहरीलाई असुविधा भएको महसुस भएपछि महर्जनले सातदोबाटो प्रहरी बृत्तको भवन निर्माण कार्य, ट्राफिक प्रहरीको भवन निर्माण, कोरोनाको महामारीको अवस्थामा ट्राफिक प्रहरीलाई सडकमा आई कार्य गर्नुपर्ने भएका कारण उनीहरुको स्वास्थ्यलाई ख्याल गरी स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य सामाग्रीहरु वितरण गर्नुभएको थियो। महर्जनको यस्तो कार्य त उदाहरण मात्र हुन्। परोपकारी सोच र पुण्य कार्यमा सदा अगाडि बढ्ने महर्जनले धार्मिक, स्वास्थ्य, शिक्षा, आर्थिकलगायत थुप्रै क्षेत्रमा गरेको पुण्य कार्यहरुको गन्ती नै छैन। सोही कारण महर्जनले राष्ट्र निर्माण, समाजसेवामा पुऱ्याएको योगदानको कदर गर्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रबल जनसेवा श्री चतुर्थबाट विभूषित हुनुभएको थियो।

यस्तै कार्यको मुल्यांकन गर्दै नेपाल सरकारको सिफायरिसमा अफ्रिकी मुलुक बोत्स्वाना देशको अवैतानिक बाणिज्य दुतमा नियुक्त हुनुभएको हो।

# आईजीपी कुवरको प्रहरीको मनोबल र छबी बढाउने योजना हावादारी साबित हुँदै

काठमाडौं। नेपाल प्रहरीका आईजीपी बसन्तबहादुर कुँवरले नियुक्ति हुनासाथ २०७९ चैत १० गते गरेको सम्बोधनमा संगठनभित्रको आन्तरिक शुद्धिकरण आफ्नो प्राथमिकता हुने बताएका थिए।



आईजीपी कुँवरले प्रहरीको मनोबल र छवि बढाउँदै सरकारको सुशासन र समृद्धिको यात्रामा सहयोगीको भूमिका खेल्ने बताएका थिए। उनले भनेका थिए-'प्रहरीको आचरण र व्यवहारमा पनि शुद्धिकरण गरेर संगठनको छवि उचाल्ने काम मेरो कार्यकालमा हुनेछ।'

आईजीपी कुँवरले आन्तरिक शुद्धिकरण गर्ने भाषण गरे पनि प्रदेश, जिल्ला र इलाकासम्मका इन्चार्जको व्यवहार त्यस अनुकूल हुन नसकेका गुनासाहरु आउने गरेका छन्।

बिशेष गरी तराईका जिल्लाका एसपीहरुले अतिरिक्त कमाइका लागि घुमुवा राख्ने र उनीहरुमार्फत् तस्करी, लागूऔषध र अवैध ढंगले संचालित क्रसरहरुसँग हप्ता र महिनावारी उठाउने क्रम रोकिन सकेको छैन।

सशस्त्र प्रहरी बलका आईजीपी राजु

बाँकी सातौं पृष्ठमा

# डीएसपीसहित कारबाहीमा पर्ने भए प्रधानमन्त्रीका पिएसओ

काठमाडौं। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सुरक्षामा खटिएका एक प्रहरी निरीक्षक कारबाहीमा पर्ने भएका छन्। सवारी ज्यान मुद्दामा चालकलाई मुद्दा नचलाई उन्मुक्ति दिएको घटनामा इन्सपेक्टर हरिबहादुर वली कारबाहीमा पर्न लागेका हुन्। वली प्रधानमन्त्रीको सुरक्षा टिममा छन्।

वली एक वर्षअघि प्रहरी वृत्त सातदोबाटोमा कार्यरत रहँदा दुर्घटनामा मृत्यु भएको घटनामा चालकलाई मुद्दा नचलाई छाडिएको थियो। हालै डिएसपी भुवनेश्वर साहको नेतृत्वमा छानबिन गरी उनी लगायत प्रहरीमाथि कारबाही सिफारिस भएको हो।

इन्सपेक्टर वलीसहित वृत्तका

बाँकी सातौं पृष्ठमा

शुभकामना





नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना।

मीनकृष्ण महर्जन
सभासद् बागमती प्रदेश
नेपाली काँग्रेस ललितपुर क्षेत्र नं. १

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक

# मानसिक स्वास्थ्यमा खेलको प्रभाव



**गोपाल ढकाल**
मनोविद्

मानसिक स्वास्थ्यका दृष्टिकोणले खेलको भुमिका महत्वपूर्ण हुन्छ । साथै व्यक्तिको शारीरिक, सामाजिक तथा आध्यात्मिक विकासमा समेत ठुलो सहयोग पुऱ्याउँछ । केटाकेटीहरूले त खेलकै माध्यमद्वरा आफ्नो संवेग, इच्छा, सोचाई, भावना, असन्तुष्टि, कुण्ठाहरू, व्यक्त गरिरहेका हुन्छन् । व्यक्तिले आफ्नो मनको गोप्य कुरा समते खेलको माध्यमद्वारा व्यक्त गरिरहेको हुन्छ ।

खेललाई मानसिक रोग तथा मनोवैज्ञानिक समस्याको उपचार पद्धतिको रुपमा प्रयोग गरिन्छ । जसलाई (प्ले थेरापी) भनिन्छ । खेल खेल्दा मष्तिस्कबाट निस्कने 'एन्डोरफिन' रासायनिक तत्वले हाम्रो मुडलाई राम्रो बनाउँछ । खेलले तनाव घटाउँछ, गहिरो निन्द्रा लाग्न सहयोग पुऱ्याउछ । खेलले डिप्रेसनलगायतका मानसिक रोगको उपचारमा मद्दत गर्छ ।

खेलले आफु र अरुप्रति सकारात्मक सोच र आत्मविश्वास बढाउँछ । आफुले सपोर्ट गरेको टिम र खेलाडीले जित्दा खेल हेर्ने दर्शकमा समेत आत्मविश्वास बढाउने, मानसिक र शारीरिक स्वास्थ्यमा राम्रो प्रभाव पर्ने अध्ययनले देखाएको छ । खेलमा आफ्नो समर्थक टिमले जित्दा पुरुषको सेक्स हर्मोन २० प्रतिशतले बढ्ने एक अध्ययनले देखाएको छ । यसैको कारण हुन सक्छ विश्व कप फुटबल जस्तो प्रतियोगितामा सेक्स र यौन व्यवसायहरूको चर्चा हुने गरेको छ । तर, नसुती नसुती राती अबेरसम्म खेल हेर्दा भने अनिन्द्राको समस्या देखिन सक्छ । साथै, तनावको कारण रक्तचाप, मधुमेहको जोखिम समेत बढ्न सक्छ । रक्सी खाएर खेल हेर्दा नजानिदो तरिकाले विस्तारै कुलतमा फस्ने सम्भावना पनि रहन्छ ।

**खेल मानवीय स्वभाव**

खेल मानवीय स्वभावभित्र नै पर्ने कुरा हो । खेलमा रुचि नराख्ने मान्छे सायदै होलान् । प्राय: सबैको बाल्यकाल खेल खेलेर नै बित्ने गर्दछ । मानव जीवनको पहिलो रुचि भनेको खेल नै हो । तर, समय, समाज र परिवेश अनुसार रुचिका खेलहरू भने फरक फरक हुन सक्छन् । भाँडाकुटी, गुच्चा, पुतलीको खेल, भकुन्डो, खोपी, डन्डीबियो, आँखा छोपी आदिजस्ता खेल खेल्दै हामी पनि हुर्क्यौं बढ्यौं ।

**खेल सिकाईको माध्यम**

खेल सिकाईको एउटा दरिलो माध्यम पनि हो । बाल बालिकाहरूले त खेलकै माध्यमद्वारा धेरै कुरा सिकिरहेको हुन्छन् । समाजमा घुलमिल हुन, अनुशासन, समय र अवसरको महत्व, सहयोग, सहकार्य, नैतिकता, इमानदारिता, सफलता-असफलता, धैर्यता जस्ता सिपको विकास खेलको माध्यमाद्वारा हुने गर्छ । खेल खेली हुर्केका बालबालिकाहरू हँसिला, मिलनसार, रमाइलो, सहयोगी, आत्माविश्वासी हुने गर्दछन् । तनावलाई वहन गर्ने क्षमता, आत्मबल जस्ता शिप उनीहरूले खेलबाट नै सिक्ने गर्दछन् । असहज अवस्थामा आफूलाई सम्हाल्न सक्ने क्षमता उनीहरूमा हुने गर्दछ ।

**खेल प्रतिष्ठा र मनोरञ्जनको माध्यम**

खेल मनोरञ्जनको सशक्त माध्यम हो । खेल खल्ने र हेर्ने दुवैलाई यसले आनन्द प्रदान गर्छ । मानसिक स्वास्थ्यको लागि मनोरञ्जन अति नै आवश्यक छ । तर, खेल मनोरञ्जनमा मात्र सीमित छैन । यो प्रतिष्ठा, मानसम्मान, जीवनयापन, व्यवसायजस्ता कुरासँग पनि जोडिएर आउने गर्छ । विश्व कप फुटबल, क्रिकेट जस्ता खेलमा हारजित ठुलो प्रतिष्ठाको विषय हुने गर्छ । यस्ता खेलहरूको आयोजना गर्नु, सहभागितासम्म जनाउन पाउनु, राष्ट्रको लागि ठुलो प्रतिष्ठाको विषय हो । खेल, शक्ति, क्षमता, कला, प्रदर्शन गर्ने अवसर पनि हो । गोर्खाको लिगलिगमा राजा छान्न पनि दौड प्रतियोगीताको आयोजना गरिन्थ्यो । दौड जित्ने त्यहाँको राजा हुन्थे । उसको नाम, चर्चा त्यस ठाउँमा अहिलेका मेस्सी, रोनाल्डोभन्दा कम हुदैन्थ्यो । खेलले समाजलाई जोड्न, समाजमा ऐक्यबद्धता ल्याउन साथै समाजलाई कतिपय अवस्थामा विभाजित गर्न समेत सक्छ ।

खेलको नाममा जुवा खेलाउने, बाजी राख्ने, रक्सी खाने, हो हल्ला गरेर अरुलाई असर पुऱ्याउने, झै झगडा, मारपिट गर्ने जस्ता विकृति पनि देखिने गर्छ । आफुभन्दा फरक टिम र खेलाडीको सर्मथन गर्ने व्यक्तिलाई छेडछाड गर्ने, सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी र पोस्ट गर्ने, आफ्नो टिमले जित्यो भन्दै घमण्ड गर्ने, बढी उत्तेजित र अराजक व्यवहार देखाउने आफुले भनेको टिमले हार्दा खेलाडीप्रति आक्रोश व्यक्त गर्ने जस्ता कुराहरू खेलको नाममा विकृति नै हुन ।

**खेलमा दर्शकको मनोविज्ञान**

खेल जित्दा खेल जित्ने टिम, खेलाडी र उसको सर्मथकहरू खुशी हुनु स्वाभाविकै हो । तर, हार्ने टिम, खेलाडी र उसका समर्थकहरूलाई निरास समेत बनाउछ । साथै आफुले सर्पोट गरेको टिम र खेलाडी हार्दा उसका समर्थकहरू ज्यादै निरास भएर आत्महत्या समेत गर्ने गरेका घटनाहरू देखिन्छन् । आफुले समर्थन गरेको टिम र खेलाडीप्रति अति नै विश्वास र भरोसा गर्नु, हारको परिणामलाई स्वीकार गर्न नसक्नु, रक्सी खाएर खेल हेर्दा रक्सीको नशामा निर्णय लिने क्षमता कम हुनु जस्ता कारणबाट दुःखद घटनाहरू हुन पुग्छन् ।

हाम्रै देशमा पनि केही समय अगाडिको विश्व कप फुटबलमा आफुले सर्पोट गरेका टिमले हार्दा १५ बषिर्या एक बालिकाले आत्महत्या गरेकी थिइन् ।


आफुले भनेको टिमले जित्दा खुशी लाग्छ, आफ्नो अनुमान मिल्न जाँदा आत्मविश्वास समेत बढ्छ । तर, हामीले बिर्सनै नहुने कुरा के हो भने प्रतिस्पर्धात्मक खेलहरू अन्त्यमा हारजितमै पुगेर टुङ्गिन्छन् । हारजित खेलको नियम नै हो । यो सत्यतालाई सबैले स्वीकार्नुपर्छ । खेल समर्थकहरूको मनोविज्ञान गजब र अजिबको हुने गर्छ ।

उनीहरूमध्ये कति त डाइहट फ्रेन्ड पनि हुन्छन् । आफ्नो प्रिय खेलाडीको झै कपाल काट्ने, उसैको जर्सी लगाउने, उसको देखाउने जस्तो हाउभाउ, व्यवहार देखाउने र मानसिक रुपमा आफुलाई उ नै हुँ जस्तो ठान्ने समेत गर्दछन् । यस्तो अवस्थामा त्यो खेलाडीले हार्दा आफु नै हारे जस्तो गरेर निरास पनि हुन सक्छन् ।

खेल हेर्दा मनोरञ्जनका साथै ज्ञान, सीप, खेलको रणनिति सिक्नका लागि भन्ने उद्देश्य राखेर हेर्नुपर्छ । हारजितलाई मुल विषय बनाउनु हुँदैन । खेलमा जति तिब्र प्रतिस्पर्धा भो हेर्नेलाई त्यति नै रमाइलो हुन्छ । प्रतिपर्धाले मात्र खेलको स्तरमा सुधार आउछ । आफुले भनेको टिमले जसरी पनि जित्नुपर्छ भन्ने मानसिकता राम्रो होइन । राम्रो टिम र खेलाडीको प्रशंसा गर्नु, जित हारलाई स्वीकार गर्नु, सच्चा दर्शकको कर्तव्य र इमानदारिता पनि हो । खेल हेर्दा यस कुरालाई ख्याल गर्ने हो भने तनाव झेल्नु पर्ने र निराश हुने अवस्था आउँदैन ।

*(मनोविद् मार्क नेपाल मनोसेवा केन्द्र ।)*

डेंगुबाट सावधान !!




डेंगुबाट बच्ने उपायहरु

१) लामखुट्टे निरोधक औषधि प्रयोग गर्ने तथा सुत्ने बेलामा झुलको प्रयोग गर्ने ।
२) बिहान बेलुका हातखुट्टा छोपिने गरी कपडा लगाउने ।
३) घर वरपर भएका खाडलहरु पुर्ने तथा झाडीहरु नराख्ने ।
४) अध्यारो हुने ठाउँमा लामखुट्टे मार्ने किटनाशक औषधि छर्ने जस्तै, सोफा, पर्दा र खाटमुनि ।
५) पानी उमालेर मात्र पिउने तथा झोलिलो खानेकुराहरु खाने ।

नोट : शरिर दुख्ने, आँखा तथा टाउको दुख्ने, छालाहरुमा दाग देखिने, बान्ता हुने जस्ता लक्षणहरु देखिएमा नजिकैको स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण गराउने ।

मेयर अशोक कुमार ब्याञ्जु श्रेष्ठ

धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काभ्रे
धुलिखेल नगरपालिका (DHULIKHEL MUNICIPALITY)

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।

जिबन महर्जन
वडा अध्यक्ष तथा
ललितपुर महानगरपालिका वडा नं. २३

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।

रामकृष्ण चित्रकार
बागमती प्रदेश सभासद
नेपाली कांग्रेस ललितपुर क्षेत्र नं. २

HECAF-NEPAL
मिर्गौला बचाऔं अभियान
SUMERU HOSPITAL

मिर्गौला बचाऔं अभियान

उद्देश्यहरु
१) मिर्गौला सम्बन्धी जनचेतना जगाउने ।
२) निशुल्क मिर्गौला परीक्षण शिविरहरु विभिन्न स्थानमा संचालन गर्ने ।
३) मिर्गौला रोग उपचारमा सहयोग पुऱ्याउने ।

रु. ५०० योगदान गरी मिर्गौला बचाऔं अभियानको सहयोगी बनौं ।

डा. ऋषि कुमार काफ्ले
वरिष्ठ मिर्गौला रोग विशेषज्ञ
मिर्गौला बचाऔं अभियानका अभियन्ता

मिर्गौला स्वस्थ राख्न के गर्ने ?

- नियमित व्यायाम गरौं । कम्तिमा दिनमा १० हजार पाईला हिंडौं ।
- पिसाव २ देखि ३ लिटर हुने गरी झोल पदार्थ पिउने बानी बसालौं ।
- सुर्ती, खैनी, चुरोटको अम्मल पटक्कै नगरौं ।
- दुखाइ कम गर्ने कडा औषधी सकेसम्म कम लिने गरौं ।
- उचाई बमोजिमको तौल राखौं ।
- स्वस्थकर खाना खाने बानी बसालौं बढी चिनी, बढी नुन नखाऔं ।
- रक्तचाप ठीक राखौं, नियमित नापौं र चिकित्सकको सल्लाह लिने गरौं ।
- मधुमेहका विरामीले चिनीको मात्रा ठीक राखौं, समय समयमा जचाउने गरौं ।

वर्षमा एक पटक रगतमा क्रियाटिनिन र पिसावमा प्रोटिन (अल्बुमिन) जाँचेर ढुक्क होऔं । रोग देखापरेमा समयमै उपचार गरौं ।

एक जनाको मिर्गौला बिग्रनबाट जोगाएमा लाखौं जोगिन्छ, सय जनाको जोगाएमा करोड र हजार जनाको जोगाएमा अरब जोगिन्छ ।

मिर्गौला बचाऔं अभियान
वनस्थली, काठमाडौं, नेपाल, फोन: ४३६३४५२, ४३६०८८९ एक्सटेन्सन ५००
सिधा सम्पर्क: ९८६३३३०३८०

मिर्गौला बचाऔं अभियानको ग्लोबल आई एम ई खाता नम्बर:
१००१०१००००५६२
मिर्गौला बचाऔं अभियानको सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. खाता नम्बर:
1YS-21077 (१ वाई एस-२१०७७)

खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रूपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# दुई करोड मागेको अडियोले खुल्यो काण्डै काण्ड

काठमाडौं । देशमा एकपछि अर्को अडियो काण्ड बाहिर आइरहेका छन् । विशेषगरी राजनीतिक दलका नेताहरुले पैसाको बार्गेनिङ गरेको अडियो बाहिरिएका हुन् । पछिल्लो समय संसदको चौंथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद ढाकाराम श्रेष्ठको मन्त्री बन्न पार्टी नेतृत्वलाई दिनुपर्ने भन्दै २ करोड मागेको अडियो बाहिरिएपछि नेताहरुबीच आरोप प्रत्यारोप चलेको छ । यो प्रकरणलाई लिएर संसदमा पनि बहस चल्यो । नेपाली काँग्रेसका उपसभापति एवं सांसद धनराज गुरुङले संसदमा बोल्दै मन्त्री बन्न २ करोड मागिएकोमा आरएसपी अध्यक्ष रवि लामिछानेको कोर टिममाथि छानविन हुनुपर्ने बताए । यसका लागि संसदीय समिति बनाउन माग गरे ।



रास्वपाका सांसद मनिष झाले मन्त्री बनाउन आफ्नो दलका सभापति लामिछानेले रकम असुली गरेको पुष्टि गर्न चुनौती दिए । उनले नेपाली काँग्रेस नेतृत्वले शिक्षामन्त्री बनाउन ८ करोड लिएको आरोप लगाए । काँग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु देउवातर्फ संकेत गर्दै भने, दाई भाउजुले के के लिए भन्ने कुरा त हामीलाई पनि थाहा छ नि । रास्वपाका सांसद सन्तोष परियारले संसदमा बोल्दै अडियो प्रकरण विगतमा पनि आएको भन्दै राष्ट्रिय पार्टीहरु यस्टा घटनाहरुबाट टाढा रहनुपर्ने तर्क गरे ।

अडियो टेपबारे उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुसन्धान हुने बताए । सोमवार चितवन जिल्लामा पत्रकारको प्रश्नमा उनले अनुसन्धान गरेर कारबाही बढ्ने बताए । रास्वपाले अडियो प्रकरणमा छानविन गरी अगाडि बढ्ने बताइसकेको छ । तर, संसदको उपनिर्वाचन अगाडि अडियो बाहिरिनुमा आरएसपी अध्यक्ष रवि लामिछानेले आशंका गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत् यही विषयलाई चुनावी हतियार बनाइन लागिएको उल्लेख गरे । आरोप लागेका सांसद श्रेष्ठको सचिवालयले अडियोको आवाज आफ्नो नभएको दाबी गरेको छ । यसलाई राजनीतिक भविष्य लक्षित षड्यन्त्र भनेको छ । १० वैशाखमा संसदको तीन सिटका लागि उपनिर्वाचन हुँदैछ जसमा रास्वपाले चर्चित उम्मेदवारलाई खडा गरेको छ । अडियो प्रकरणले चुनावलाई असर पार्न सक्ने आँकलन हुन थालेको छ ।

# धुलिखेलका युवालाई कृषि प्रविधि सिक्न जापान जाने बाटो खुल्यो



धुलिखेल । धुलिखेल नगरपालिकाभित्र जापानीज कृषि प्रविधि भित्र्याउने विषयमा आपसी सम्झौता भएसँगै नगरपालिकाभित्रका युवालाई कृषि प्रविधि सिक्न जापान जाने बाटो खुलेको छ । धुलिखेल नगरपालिकाका मेयर अशोक कुमार ब्याञ्जु श्रेष्ठको उपस्थितिमा उरेसी एजुकेशनल तालिम केन्द्र ललितपुरको सहकार्यमा धुलिखेल नगरपालिका र जापानको रिनोकिन कम्पनीबीच सम्झौता भएको हो ।

सम्झौता अनुसार नगरभित्रका युवाहरुलाई भविष्यमा कृषि तथा पशुपालन सम्बन्धी आधुनिकीकरण एवम् प्रविधिमैत्री बनाउन गुणस्तरीय जापानिज भाषा तथा आवश्यक सिप सिकाइने छ । जापानिज भाषा परीक्षण उत्तीर्ण भएका युवाहरु पाँच वर्षका लागि जापान जान पाउने छन् । आफ्ना कार्य अवधि पुगेर फर्किएपछि जापानमा सिकेको प्रविधि र ज्ञानमा आधारित पेशा व्यवसाय नगरपालिकाभित्रै सञ्चालन गर्न मद्दत पुग्ने बताइएको छ । यो सम्झौता कार्यान्वयनमा आएपछि आर्थिक उन्नतिको लागि थप सहयोग पुग्ने नगरपालिकाले जनाएको छ ।

# डीआईजी बढुवामा सहमति हुन नसक्दा बढुवा स्थगित, एसएसपीहरू तनावमा

काठमाडौं । प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले पदभार ग्रहण गरेको भोलिपल्टै एआइजी बढुवा निकाले पनि डिआइजी बढुवामा भने उनी राजनीतिक दबाबमा परेका कारण रोकिएको छ । बढुवा सूचीमा सहमति हुन नसक्दा तत्कालका लागि डिआइजी बढुवा स्थगित हुन पुगेको हो । प्रहरीमा डिआइजीका १३ पद रिक्त हुँदा विभिन्न कार्यालयहरु निमित्तका भरमा छन् । १३ पदमा १९ एसएसपीबीच प्रतिस्पर्धा छ । बढुवामा चलखेल हुँदा आइजिपी र गृह नेतृत्वबीच सहमति हुन सकेको छैन ।

स्रोतका अनुसार उपप्रधान तथा गृहमन्त्री निकट व्यक्तिहरू बढुवाका आकांक्षी एसएसपीहरू समेत भेटेर डिल गरिरहेका छन् । जसका कारण पनि बढुवा प्रभावित बनेको हो ।

बढुवा लम्बिदा केही एसएसपीहरु भने अवकाशमा जाने जोखिम बढेको छ । तत्काल बढुवा नगर्दा एसएसपीको ५५ वर्ष उमेरहदका कारण केही एसएसपीले अवकाश पाउनेछन् ।

एसएसपी विकाराज खनालले ७ बैशाखमा अवकाश पाउनेछन् । त्यसको कम्तीमा आठ दिन अगाडि बढुवा सिफारिस नभए उनले अवकाश पाउने जोखिम छ । त्यसका लागि ३० चैतभित्र बढुवा सिफारिस हुनुपर्ने छ । अवकाशको जोखिम बढेपछि खनाल दौडधुपमा लागेका छन् ।

त्यस्तै, बैशाखको दोस्रो साता चक्रबहादुर सिंह र राजेन्द्रसिंह खड्काको पनि ५५ वर्ष उमेर पुग्नेछ । त्यस्तै १ जेठमा एसएसपी सुरेन्द्र मैनालीले अवकाश पाउनेछन् । बढुवामा ढिलो हुँदा चारै जना तनावमा परेका छन् ।

यी चारसहित जनक भट्टराई, विष्णु कुमार केसी, भरतबहादुर बोहरा, कुबेर कडायत, केदार ढकाल, रबिन्द्र केसी, राजेश बाँस्तोला, लालमणि आचार्य, यज्ञबिनोद पोखरेल, चन्द्रकुबेर खापुङ, अर्जुन चन्द ठकुरी, कृष्णहरी शर्मा पोखरेल, दिल्लीराज पन्त, मधुसुदन लुइटेल, मोहनप्रसाद पोखेल प्रतिस्पर्धामा छन् । खासगरी वरियतामा पछि रहेका एसएसपीहरुले अस्वस्थ चलखेल थालेपछि बढुवा रोकिएको छ ।

आइजिपी कुँवरले गत शुक्रबार नै बढुवा टुंगाउन चाहेका थिए तर गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग कुरा नमिलेपछि बढुवा लम्बिएको हो ।

त्यस्तै, एसएसपीका १६ पदको बढुवा पनि चर्को प्रतिस्पर्धा छ । भावी आइजिपी बन्ने ११२ टोलीका अधिकृतहरुबीच अग्रस्थानमा बढुवा हुन प्रतिस्पर्धा छ । पहिलो नम्बरमा बढुवा हुन सानुराम भट्टराई, ओम अधिकारी, भूपेन्द्र खत्री, मुकुन्द मरासिनीबीच प्रतिस्पर्धा छ । सुशासनको चर्को भाषण गर्ने गृहमन्त्री श्रेष्ठका लागि पनि डिआइजी र एसएसपी प्रतिस्पर्धा अग्निपरीक्षा बनेको छ ।

# प्रहरीलाई तलब अभाव

काठमाडौं । देशमा आर्थिक संकटको असर हरेक निकायमा देखिएको छ । सरकारको राजश्वले राज्यका अनिवार्य दायित्व(तलब, पेन्सन, सामाजिक सुरक्षा र ऋण)मा मात्र ठिक्क हुने अवस्था छ । यसले अबको वर्ष विकासका काम लगभग ठप्प हुने देखिएको छ ।

उच्च पदस्थ अधिकारीले नै कर्मचारीलाई तलब खुवाउन समस्या हुने बताउन थालेका छन् । कतिपय सरकारी कार्यालयहरुमा चैत महिनाकै तलब खुवाउन अभाव भइसकेको छ ।

स्रोतका अनुसार नेपाल प्रहरीमा तलब एक अर्ब कम भएको छ । अर्थ मन्त्रालयले थप बजेट तत्काल निकास नगरेमा प्रहरीले समयमा तलब नपाउने भएका छन् ।

प्रहरीमा यसरी तलबको बजेट कम हुनुमा भर्नामा लिइएको नयाँ नीति पनि हो । अघिल्ला वर्ष प्रहरीमा ५/६ हजार दरबन्दी सधैं खाली हुन्थ्यो । तर गत वर्षदेखि भर्ना खुलाएको बेलामा रिक्त नभई अन्तिम नतिजाको समयमा रिक्त भएको दरबन्दीमा भर्ना गर्न थालेपछि दरबन्दी थोरै मात्र रिक्त हुने गरेको छ । जसकारण तलब अभाव भएको हो ।

त्यस्तै, अवस्था गृह मन्त्रालयमा पनि छ । दरबन्दी भन्दा धेरै कर्मचारी मन्त्रालयमा थुप्रिदा चैतको तलब बैशाखको अन्तिमतिर मात्र खाने अवस्था छ । मन्त्रालयमा कर्मचारी व्यवस्थापनको बेथितीका कारण यस्तो समस्या आएको हो । सहसचिव लगायत कर्मचारी बरन्डामा बस्दै आएका छन् ।

राजश्वमा दबाब परेपनि सरकारले फजुल खर्च घटाउन भने कुनै कदम चालेको छैन । हरेक जसो निकायमा करारका कर्मचारी भर्ना गरिएका छन् । अनावश्यक खर्च गर्ने काम पनि रोकिएका छैनन् । यस्तै अवस्था रहे आगामी वर्ष देशको अर्थतन्त्रमा ठूलै संकट आउने जोखिम देखिएको छ ।

# कार्यरत स्याङ्जा, असुली रुपन्देहीमा

रुपन्देही । सीमा क्षेत्रमा लामो समय सशस्त्र प्रहरीको घुमुवा बसेका दुई जना सहायक हवल्दारले कार्यालयबाट विदा बसेर अहिले पनि असुली धन्दा मच्याइरहेको पाइएको छ । वर्षौंसम्म रुपन्देहीमा घुमुवा बसेका सशस्त्र प्रहरी सहायक हवल्दार प्रदीप जवरा र पुण्य पौडेलले घुमुवाबाट हटेपछि पनि असुली धन्दा चलाइरहेका हुन् ।

जवरा सशस्त्र प्रहरी बल नं. २७ गण, भैरहवा, रुपन्देही लगातार ५ वर्ष घुमुवा बसेका थिए । यस्तै, पौडेल बीओपी डण्डा, भैरहवाको घुमुवा थिए । घुमुवा बसेर असुली धन्दा मच्याइरहेका उनीहरुविरुद्ध सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालसमक्ष नै उजुरी पुगेपछि उनीहरुलाई सरुवा गरेर स्याङ्जा गुल्म पठाइएको थियो ।

रुपन्देहीमा सशस्त्र प्रहरी प्रमुखका रुपमा एसपी दीपक थापा आएका छन् । त्यसअघि जवरा र पौडेल घुमुवा थिए । एसपी थापाले अहिले घुमुवा राखेका छैनन् । सीमा क्षेत्रमा हुने चोरीतस्करी रोक्न उनले सीमा सुरक्षामा खटिएका प्रहरीलाई जिम्मेवार बनाएर काम गर्ने तर घुमुवा नराख्ने जनाउँदै आएका छन् । यता एसपी थापाले सीमामा निगरानी बढाइँदा पूर्व घुमुवाले भने स्याङ्जाबाट आएर असुली धन्दा मच्याइरहेका छन् ।

जवरा र पौडेले दुबैजना अहिले स्याङ्जा गुल्मबाट विदा लिएर घरमा आएका छन् । जवराको घर बुटवल हो भने पौडेलको कपिलवस्तु हो । विगतमा घुमुवा बसेर लाखौं असुली गर्दै आएका उनीहरुले विदामा घर आएका बेला पनि असुली धन्दा छाडेका छैनन् । घुमुवा बस्ता तस्करहरुसँग उनीहरुको राम्रै साँठगाँठ थियो । जसले गर्दा घुमुवा हटेर स्याङ्जा जाँदा समेत उनीहरुले विगतमा असुली गर्दै आएका तस्करहरुसँग मोलतोल गरिरहेका छन् । सीमा क्षेत्रमा भेटिएका एक पूर्व तस्कर भन्छन्, 'उनीहरु (जवरा र पौडेल) स्याङ्जा गएको भन्ने सुनेको थिएँ । तर, मलाई फोन गरेर पैसा मागिरहेका छन् । सायद अहिले सशस्त्रले घुमुवा नराखेको मौका छोपेर हुनसक्छ । म जस्ता धेरैजनालाई फोन गर्दै पैसा मागिरहेका छन् ।' उनले आफूहरु छिट्टै फर्किएर आएर फेरि घुमुवा बस्छौं, पछि अप्ठ्यारो पर्न सक्छ भन्दै जवरा र पौडेलले थर्काएर असुली धन्दा गरिरहेको जनाए ।

जवरा र पौडेलले कपडा, हार्डवेयर, मोटर पार्टस्, काजुबदाम लगायतका तस्करीहरुलाई फोन गर्दै रकम माग्ने गरेको सशस्त्र प्रहरी जुनियर अधिकृतले बताएका छन् । रुपन्देहीका तस्करी हुने नाका र तस्करहरुसँग राम्रो परिचय भएका उनीहरु अहिले घर विदामा बसेको बहानामा दैनिक असुली गरिरहेका हुन् ।

'तल्लो तहका सबै कर्मचारी चिन्छन्, विगतमा घुमुवा बसेका मान्छे फेरि फर्किने हुन् की भनेर तल्लो तहका सशस्त्रका कर्मचारीले केही भन्दैनन्, तर, उनीहरुले असुली गरेको गर्यैं छन्', नं. २७ गणका एक असईले भने, 'एसपीसावले घुमुवा नराखेको फाइदा जवरा र पौडेलले उठाइरहेका छन् । सशस्त्र प्रहरी स्रोतका अनुसार पूर्व घुमुवा सन्नी चौधरी अहिले पाल्पामा कार्यरत रहे पनि रुपन्देही आएर उनले पनि असुली धन्दा मच्याइरहेका छन् ।

शुभकामना
नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।
मीनराज दाहाल
प्रचलित लेखापढी सेन्टर प्रा.लि.
हनुमानस्थान, लगनखेल, ललितपुर

शुभकामना
नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।
मिलन सिलवाल
वडा अध्यक्ष तथा प्रवक्ता
गोदावरी नगरपालिका वडा नं. ५

शुभकामना
नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।
महन्त रामस्वरूप दास बैष्णव
श्री रामान्दिय बैष्णव बैरागी अखडा
राम मन्दिर, त्रिपुरेश्वर ।

शुभकामना
नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।
कान्छा/धिरज
पूजा/जालपा अटो वर्कशप
गुसिंगाल, ललितपुर

शुभकामना
नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।
पञ्चराम महर्जन
पी.आर. निर्माण सेवा
ग्वार्को, ललितपुर ।

# पदमा हुँदा नगर्ने पदमुक्त भएपछि गर्छु भन्नेलाई तनहुँका जनताले पत्याउँदैनन् : गोविन्द भट्टराई

*तनहुँमै जन्मिएर सालिन, निष्ठा र त्यागी नेताको पहिचान बनाउन सफल नाम हो, गोबिन्द भट्टराई । उनी तनहुँ-१ मा आगामी वैशाख १० गते प्रतिनिधि सभा सदस्यका लागि हुन लागेको उपनिर्वाचनका उम्मेदवार हुन् । समाजशास्त्र, व्यवस्थापन शास्त्र, अर्थ शास्त्र, राजनीति शास्त्र, लगायतका धेरै विषयमा स्वदेशबाटै उच्च शिक्षा प्राप्त गरेका भट्टराई पिएचडीका स्कलर हुन् । उपनिर्वाचनको प्रचारप्रसारमा व्यस्त भट्टराईसँग गरिएको विशेष कुराकानी :*

***चुनावको तयारी कत्तिको गर्नुभएको छ ?***

एकदम राम्रोसँग तयारी भइरहेको छ । साथीहरु वडावडामा खटिराख्नु भएको छ, आम नागरिकहरु पनि विभिन्न कमिटी बनाएर तयारीमा लाग्नु भएको छ ।

***तपाईको मुख्य एजेण्डा चाँही के हुन् ?***

म त लामो समयदेखि स्थानीयको एजेण्डामा काम गरिरहेको छु, स्थानीय एजेण्डा पनि महत्वपुर्ण छन्, राष्ट्रियस्तरको एजेण्डामा अर्थतन्त्रको सुधार, बाह्य लगानी भित्राउने, रोजगारी सिर्जना गर्ने, विदेशमा रहेका मानिसहरुलाई नेपालमै रोजगारका लागि ल्याउने विषय मुख्यरुपमा रहेका छन् । शिक्षा र पर्यटनको विषय स्थानीय एजेण्डामा पर्छन् । बाटोको पुर्वाधारहरुमा पिच, निर्माण र विस्तार मुख्य योजना छन् । कतिपय स्थानमा खानेपानीको पनि समस्या छन्, तिनिहरुको पनि निराकरण गर्ने, तटबन्धन लगायतका स्थानीय तहका योजना छन् ।

***यहाँले लामो समयदेखि जनतासँगै छु भन्नुहुन्छ, तपाईले गरेका पहिलाका कामको आधारमा अहिले भोट दिन्छन् होला त ?***

पहिला गरेको काम सबै नभएपनि जित्ने बलियो आधार चाँही हो । अरु मानिसहरुले चाँही पदमा बस्दा पनि केही नगरेको तर मैले पदमा नबस्दा पनि काम गरेको छु ।

***तनहुँको लागि के के गर्नुभएको छ ?***

म कुनैपनि राजकीय आहोदामा नहुँदा पनि तनहुँमा करोडौं बजेटको खानेपानीका योजना ल्याए, भन्नैपर्दा ६० खानेपानी आयोजनाहरुको निर्माण गर्न निवेदन बोकेर संयौ पटक मन्त्री र मन्त्रालय धाउने मै हो । राजनीतिक जिवनमा पदलोलुपता कहिल्यै देखाइन, व्यक्तिगत स्वार्थका लागि जागिर खाइन, निरन्तर तनहुँको उन्नति र प्रगतिमा लागिरहेको छु ।

***तनहुँ-१ का जनताले तपाईलाई भोट किन दिने ?***

तनहुँको समग्र विकासलाई अगाडी बढाउन, स्थानीय समस्यालाई संसदसम्म पुयाउने र समाधान गर्न मलाई भोट दिनुपर्छ ।

***जित्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?***

जित्ने नै मै हो । पहिला पनि कांग्रेसले जितेकै क्षेत्र हो ।

***एक पदको लागि ९ जनाको उम्मेदवारी परेको छ, यहाँको टक्कर चाँही कोसँग हुन्छ जस्तो लाग्छ ?***

अहिलेसम्म चाँही एमालेसँगै टक्कर देखिन्छ । स्थापना कालदेखि नै राष्ट्रिय स्वतन्त्र पार्टीको धेरै कुराहरु आएका छन् । धेरै विवादास्पद कुरा बाहिर



आएका छन् एउटा पार्टी जन्मेको छोटो समयमा यति विवादमा आउनु नेपालको इतिहासमै पहिलो हो । जन्मदैमा विवादमा आएको पार्टीलाई कसैले विकल्पको रुपमा प्रयोग गर्छन् जस्तो चाँही लाग्दैन् ।

***यहाँकै पार्टी कांग्रेस परित्याग गरेर आउनुभएका स्वर्णिम वाग्लेको उम्मेदवारीलाई कसरी हेर्नुभएको छ ?***

स्वर्णिम वाग्लेले अन्याय परेर पार्टी परित्याग गरेको प्रचार गरिराख्नुभएको छ, अन्याय पर्यो भन्ने त्यो कुरा प्रचारबाजी मात्र हो । उहाँ कांग्रेस पार्टीमा जोडिएको पाँच/सात वर्षमै धेरै अवसर पाउनेमध्ये पर्नुहुन्छ । २ पटकसम्म माननिय सरहको पद योजना आयोगको सदस्य भइसक्नु भएको छ । त्यसपछि पनि राष्ट्रिय योजना आयोगको उपाध्यक्ष भएर माननिय राज्यमन्त्री सरहको पद लिइसक्नु भएको छ । पदमा हुँदा केही नगर्ने तर पदमुक्त भएपछि गर्छु भनेर आउने अन्य उम्मेदवारहरु भएकै कारण पनि मलाई सहज छ । गत निर्वाचनको मतान्तर भन्दा धेरै मतले मैले जित्छु ।

# पदमा हुँदा होस् या नहोस् तनहुँको विकासमा लागिरहेँ : सर्वेन्द्र खनाल

*तनहुँमा जन्मिएर हुर्किएका सर्वेन्द्र खनाल नेपाल प्रहरीको पूर्वआइजीपी हुन् । यतिबेला उनी तनहुँ क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यका लागि नेकपा एमालेबाट उम्मेदवार छन् । उपनिर्वाचनको प्रचारप्रसारमा व्यस्त खनालसँग गरिएको विशेष कुराकानी:*

***तपाईंको प्रचारप्रसार कस्तो चल्दैछ ?***

म रातदिन नभनी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई भेटिरहेको छु । यही माटोमा जन्मिएको हुर्किएकाले मलाई उहाँहरुसँग निकै सहज अनुभव भइरहेको छ । जहाँ पुग्यो त्यहाँ असाध्यै स्नेह पाइरहेको छु । यसले पनि मेरो जीत सुनिश्चित गरेको छ ।

***काठमाडौंबाट तपाईं किन तनहुँ फर्कनुभयो ?***

तनहुँ मेरो जन्मभूमि हो । म जहाँ जन्मिए, जहाँ हुकिएँ त्यहीं समयले फर्कायो । किशोरावस्थामा काठमाडौंमा रहँदा पनि मेरो मन तनहुँमै हुन्थ्यो । आखिर म यहाँकै माटोमा खेल्दै हुर्किएको न परेँ । प्रहरीमा रहँदा पनि मैंले तनहुँका लागि सक्दो भूमिका निभाएँ ।

***तनहुँका लागि तपाईंले के के गर्नुभयो ?***

म प्रहरीमा आइजीपी हुँदा बारम्बार तनहुँ आएँ । तनहुँवासीले निकै माया गर्नुभयो त्यतिबेला । यहाँ प्रहरी कार्यालयहरुको भवन थिएन जुन मेरै कार्यकालमा बने । खैरेनीमा १० करोडमा प्रहरी विद्यालय बन्यो । आज यो विद्यालयले यहाँको शिक्षाको विकासमा ठूलो योगदान गरेको छ । यहाँका नागरिकले यसको प्रत्यक्ष महशुश गरिरहनुभएको छ ।

***तनहुँमा के के गर्ने योजना अगाडि सार्नुभएको छ ?***

मलाई गर्व छ कि म आदिकवि भानुभक्त आचार्य जन्मिएको जिल्लामा जन्मिएँ । मेरो निर्वाचन क्षेत्र पनि यही हो । नेपाली भाषामार्फत् सिंगो देशलाई एक बनाउन भानुभक्तको योगदान अविस्मरणीय छ । तनहुँमा मात्र नभई देशभर उहाँको नाममा शिक्षा साहित्य क्षेत्रमा महत्वपूर्ण कार्य गर्ने योजना छ । तनहुँ सुन्दर जिल्ला हो । यहाँ पर्यटन प्रवर्द्धन, कृषिको विकासमा नागरिकलाई समेटेर विशेष काम गर्ने अठोट गरेको छु ।

***तपाई चुनाव जित्ने आधार के हो ?***

म नेकपा एमालेको मजबुत



संगठनले निकै उत्साही छु । राष्ट्र, राष्ट्रियता र जनजिविकाको सवालमा एमाले सबैभन्दा सशक्त रुपमा प्रस्तुत हुँदै आएको छ । यसकारण पनि एमालेप्रति तनहुँवासी र सम्पूर्ण देशवासीको विश्वास छ । अर्कोतर्फ, मैंले तनहुँमा जन्मिएर यस जिल्लाको प्रतिष्ठालाई अझ उठाउन भूमिका खेलेँ । यहाँको नागरिकको सुख दुःखमा साथै हिँडे र अब पनि हिंड्छु । ममाथि तनहुँवासीको विश्वास छ । यसकारण उहाँहरुले अत्याधिक बहुमतले जिताउनुहुनेमा विश्वस्त छु । तनहुँमा जन्मिएको सर्वेन्द्रलाई साहस प्रस्तुत गर्नकै लागि जनताले जिताएर पठाउनुहुनेछ ।

# भारतबाट ६ जना खुफिया किन नेपाल छिरे

भारतबाट नेपालभित्र ६ जना भारतीय खुफिया छिरेका छन् । उनीहरु विशेष तालिमप्राप्त हुन् र जस्तोसुकै जोखिम मोलेर भिड्न सक्छन् । ती खुफियाहरु भारतमा पृथकतावादी खालिस्तान अभियान चलाइरहेका अमृतपाल सिंहलाई समात्न छिरेका हुन् । सिंह नेपाल पसेको आशंकामा खोजी कार्य तिव्र पारिएको छ । यसका लागि भारतीय सुरक्षा टोली नै नेपाल प्रवेश गरेको विषय उठेको छ । संसदमा सोमवार नेकपा एमालेका सांसद रघुजी पन्तले खोलिस्तानी आन्दोलनकारी अमृतपाल सिंह खोज्न भारतीय सुरक्षाकर्मीहरु अनुमति विनै नेपाल आउनुले नेपालको सुरक्षा संयन्त्रप्रति अविश्वास पैदा भएको बताए । नेपालले कुनैपनि विखण्डन र आतंककारी गतिविधिलाई नसघाउने स्पष्ट पार्दै बाह्य देशका सुरक्षाकर्मीहरुलाई अनुमति विना प्रवेश दिनु कानून विपरित हुने तर्क गरे । पन्तले अरु देशबाट भागेका आतंककारी र अपराधीलाई पक्रन नेपालको सुरक्षाकर्मी सक्षम रहेको बताए ।

सुरक्षा स्रोतको हवाला दिदै भारतीय सुरक्षा टोली अमृतपाल सिंहको खोजीका लागि नेपाल प्रवेश गरेको विषय नेपाली मिडियामा चर्चाको विषय बनेको छ । भारतबाट ६ जना इन्टेलिजेन्स ब्युरोका टोली आएको उल्लेख छ । खोलिस्तानी अभियान चलाइरहेका अमृतपाल नेपाल प्रवेश गर्न सक्ने भन्दै भारतीय राजदूतावासले खोजीका लागि केही हप्ता अघि पत्र लेखेको सार्वजनिक भइसकेको छ । नेपाली भूमीबाट तेस्रो देश जानसक्ने भन्दै अध्यागमन विभागलाई पक्राउ गर्न पत्र लेखेको थियो । नेपाल प्रहरीका प्रवक्ता समेत रहेका डिआइजी पोषराज पोखरेलले अमृतपाल सिंह नेपाल नभएको दाबी गरे । पोखरेलले भने, उनी नेपालमा छैनन्, सीमामा सुरक्षा सतर्कता अपनाइएको छ ।

नेपालमा विभिन्न समयमा भारतले आतंककारी घोषित गरेका र अपराध गरेकाहरु पस्ने गरेका छन् । उनीहरुलाई नेपाली सुरक्षाकर्मीले पक्राउ गरेको घटनाहरु छन् । अमृतपाल सिहलाई खोज्न भारतीय खुफियाहरु छिरेबाट मधेशका सीमा क्षेत्रमा चासो बढेको छ । सिंह नेपालबाट पाकिस्तान या अन्य तेस्रो मुलुक छिर्न सक्नेमा भारत सतर्क छ ।

# फेरियो ट्वीटरको लोगो, निलो चराको ठाउँमा कुकुर

काठमाडौं । सिइओ एलन मस्कले ट्वीटरको एक अर्को अनपेक्षित परिवर्तन गरेका छन् । यस पटक मस्कले ट्वीटरको लोगो नै फेरिदिएका छन् । यो सँगै ट्वीटरबाट निलो चरा गायब भएको छ र ट्वीटरको लोगोमा कुकुरको चित्र ल्याइएको छ । मस्कले क्रिप्टोकरेन्सी डोजेक्वाइनमा रहेको कुकुर अर्थात् डगीको मिमलाई नै ट्वीटरको लोगो बनाएका हुन् ।

अब ट्वीटरमा लगअन गर्ने बित्तिकै त्यही कुकुरको चित्रले तपाईंलाई स्वागत गर्नेछ । साथै ट्वीटर होमपेजको माथिल्लो बायाँपट्टि रहेको लोगोमा पनि शिवा तथा काबोसु नामक उक्त कुकुरको चित्र नै देखिन थालेको छ । यो परिवर्तन हाल ब्राउजरमा देखिएको छ । मोबाइल एपमा भने पुरानै निलो रंगको चरा नै देखिन्छ ।

विवादास्पद क्रिप्टोकरेन्सी डोजेक्वाइनको लोगोमा पनि यही कुकुरको तस्वीर छ । हाल मस्कले उक्त क्रिप्टोकरेन्सीको २५८ अर्ब डलर फिरौती सम्बन्धी मुद्दा झेलिरहेका छन् । त्यो मुद्दा म्यानहटन अदालतमा जारी छ । मस्कमाथि डोजेक्वाइनको पिरामिड शैलीबाट रकम उठाएको तथा क्रिप्टोकरेन्सीमार्फत् नै ठगी तथा जुवा खेलाएको पनि आरोप छ ।

ट्वीटरको निकै सुन्दर तथा आइकनिक निलो चराको लोगोको ठाउँमा कुकुरको पहेँलो तथा सुन्तला रङको तस्वीर देखा परेसँगै प्रयोगकर्ताहरु अचम्मित भएका छन् । मस्कले एउटा ट्वीटर मार्फत् ट्वीटरको लोगो उक्त डगी नै भएको पुष्टि गरेका छन् । यसअघि कतिपय प्रयोगकर्ताहरुले ट्वीटर ह्याक भएर त्यस्तो भएको हुनसक्ने अड्कलबाजी गरेका थिए । तर त्यसको केहीबेरपछि मस्कले ट्वीट गरेका थिए । ट्वीटरको लोगो परिवर्तन भएसँगै ट्वीटरमा ३म्इन्भ् ह्यासट्याग ट्रेन्डिङ भएको छ ।

मस्कले एउटा तस्वीर ट्वीट गरेका छन् । त्यसमा ट्वीटरकै लोगोमा भएको उक्त कुकुर कारको चालक सिटमा बसेको छ र ट्राफिक पुलिसलाई आफ्नो लाइसेन्स देखाइरहेको छ । उक्त लाइसेन्समा ट्वीटरको पूरानो लोगोको रुपमा रहेको निलो चराको फोटो देखिन्छ । त्यसपछि डगीको ट्राफिक पुलिससँग भन्छ : यो पुरानो तस्वीर हो ।

**मस्कले पहिले नै दिएका थिए परिवर्तनको संकेत**

स्मरण रहोस् एलन मस्कले डगीका विषयमा पहिले नै संकेत दिएका थिए । गत फेब्रुअरीमा उनले सोही कुकुरको एउटा फोटो ट्वीट गरेका थिए । त्यसको क्याप्सनमा मस्कले ट्वीटरको नयाँ सिइओ गज्जबको रहेको उल्लेख गरेका थिए ।

तस्वीरमा उक्त कुकुर ट्वीटरको सिइओको कुर्सीमा बसेको देखिन्थ्यो । त्यसको अगाडिको टेबलमा एउटा कागज राखिएको थियो जसमा कुकुरको नाम ‘फ्लोकी’ लेखिएको थियो । त्यसको तल उसको पद ‘सिइओ’ लेखिएको थियो ।

यद्यपि उक्त कागजमा ट्वीटरको पुरानै लोगो थियो । मस्कले त्यो पुरानो लोगोलाई सोही कुकुरको तस्वीरले परिवर्तन गर्ने कुराको संकेत त्यहींबाट गरेका भए पनि त्यसबेला कसैले त्यसको अनुमान गर्न सकेनन् । मस्कले मजाक गरेको सम्झिए ।

**मस्कले बाचा पूरा गरे**

एलन मस्कले ट्वीटरको लोगो परिवर्तन गरेसँगै अर्को एउटा ट्वीट पनि गरेका छन् । जसमा उनले लेखेका छन्- बाचा अनुसार । वास्तवमा उक्त ट्वीटमा मस्कले एक स्क्रिनसट शेयर गरेका छन् जुन मार्च २६को पुरानो ट्वीट हो । सो स्क्रिनसटमा गरिएका पोस्टमा मस्कले सोधेका थिए- के एक नयाँ प्लाटफर्मको आवश्यकता छ ? त्यसमा चेयरम्यान नामका प्रयोगकर्ताले टिप्पणी गर्दै लेखेका छन्- ट्वीटर किन र त्यसको निलो चरावाला लोगोलाई कुकुरमा बदल ।

*- एजेन्सीको सहयोगमा*

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना ।

गणेश कुमार महर्जन
वडा अध्यक्ष तथा
ललितपुर महानगरपालिका वडा नं. २९

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना ।

चित्रप्रसाद चौलागाई
वडा अध्यक्ष तथा
चौरीदेउराली गाउँपालिका वडा नं. ३

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना ।

जगत बहादुर महर्जन
वडा अध्यक्ष तथा
गोदावरी नगरपालिका वडा नं. १२

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना ।

भाष्कर थापा
वडा अध्यक्ष तथा
गोदावरी नगरपालिका वडा नं. १३

## सम्पादकीय

# माफियाको हाबी कहिलेसम्म ?

नेपाल गरिब नभई माफियाहरुले गरिब बनाइएको छ भन्ने उदाहरण बनेको छ नेपालवायु सेवा निगममा भइआएका गतिविधि । निगमले चार अर्बमा खरिद गरेका चिनियाँ विमानहरुले त्योभन्दा बढी रकम घाटा दिलाएपछि झण्डै तीन वर्षयता ग्राउन्डेड छन् । घाटा थपिने क्रम चलेपछि बिक्रीको प्रयास भइरहेको छ । तर, निगमलाई डुबाउने गरी चिनियाँ विमान खरिदमा जिम्मेवार व्यक्तिहरुले कारबाही भोग्नु परेन । देशलाई कंगाल बनाउने हवाई माफियाको चंगुलमा परेको छ देश ।

तामझामका साथ नेपाल भित्राइएका छवटा चिनियाँ विमान सञ्चालन नगर्ने निर्णय गरेको झण्डै तीन वर्षसम्म पनि व्यवस्थापन गर्न सकेको छैन नेपाल वायु सेवा निगमले । ती विमानहरु सेतो हात्ति सावित भएपछि विभिन्न विकल्पबारे छलफल हुँदा अन्तमा विक्री गर्ने निर्णय भएको छ । विमान विक्रीका लागि प्रस्ताव माग गर्‍यो । लिजमा दिन सूचना प्रकाशित गर्दा पनि कसैले नलिएपछि विक्री प्रक्रिया बढाइएको हो । विक्रीका लागि मूल्य तोक्ने कम्पनी छनोटको टेण्डर आव्हान गरिएकोमा एभिएसन एसएट म्यानेजमेन्ट भन्ने अमेरिकन छानियो । अब यही कम्पनीले मूल्यांकन गरे अनुसार तय हुनेछ ।

**विमानहरू सेतो हात्ति सावित भएपछि विभिन्न विकल्पबारे छलफल हुादा अन्तमा विक्री गर्ने निर्णय भएको छ । विमान विक्रीका लागि प्रस्ताव माग गर्‍यो । लिजमा दिन सूचना प्रकाशित गर्दा पनि कसैले नलिएपछि विक्री प्रक्रिया बढाइएको हो । विक्रीका लागि मूल्य तोक्ने कम्पनी छनोटको टेण्डर आव्हान गरिएकोमा एभिएसन एसएट म्यानेजमेन्ट भन्ने अमेरिकन छानियो । अब यही कम्पनीले मूल्यांकन गरे अनुसार तय हुनेछ ।**

चिनियाँ जहाज उडाउँदा वार्षिक सञ्चालन घाटा नै ५० करोडसम्म हुने गरेको कारण देखाउँदै निगमले साढे दुई वर्षदेखि पाँचवटै जहाज ग्राउन्डेड गरेर राखेको छर । निगमले एउटा एमए-६० र एउटा वाई-१२ ई जहाज अनुदानमा पाएको थियो भने चारवटा जहाज सहुलियतपूर्ण ऋणमा किनेर ल्याएको हो जसको लागत मूल्य चार अर्ब ३३ करोड रुपैयाँ होर । छ वटै विमानले अत्याधिक इन्धन खपत गरेको, बिमा शुल्क बढी, पार्टपुर्जा आवश्यक पर्दा ढिलाइ, समस्या पर्दा चिनियाँ प्राविधिक नै आवश्यक पर्ने लगायतका कारणले चलाउनै नसक्ने अवस्था बनेको थियो । जुन मूल्यमा खरिद भयो त्योभन्दा बढी रकम त चिनियाँ जहाजले घाटा दिलायो । विमान ग्राउण्डेड हुँदा पनि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रकम तिर्नुपर्ने हुन्छ । निगमले लगातार खाइरहेको घाटाको जिम्मेवारी कोही लिन चाहँदैनन् न त कसैमाथि कारबाही नै हुन्छ ।

दुईवटा विमान अनुदानमा पाइने भन्दै नेपाल वायु सेवा निगमका लागि तत्कालीन डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले २०६८ सालमा चारवटा विमान खरिदको निर्णय गर्‍यो । वर्षमान पुन अर्थमन्त्री र लोकेन्द्र बिष्ट मगर पर्यटन मन्त्री हुँदा निर्णय लिन पर्यटन मन्त्रालयले नेपाल वायु सेवा निगमका नायब उप महाप्रबन्धक गणेश ठकुरीको संयोजकत्वमा प्राविधिक समिति गठन गरेको थियो । निगमका वरिष्ठ क्याप्टेनहरु विजय लामा र श्रवण रिजाल तथा इन्जिनियरिङ, कमर्शियल र अपरेशनका वरिष्ठ अधिकारी चीन गई विमान किन्न उपयुक्त हुने सिफारिश गरेका थिए । त्यसैका आधारमा चीनबाट विमान खरिद गरिएको थियो । चीनबाट विमान ल्याउँदा आन्तरिक उडानमा ठूलै प्रगति हुने हल्ला पिटाइयो । तर, चीनबाट ल्याइएका छवटा विमान सेतो हात्ति सावित भए । देशलाई कंगाल बनाउने गतिविधिको उदाहरण हो यो । यसतर्फ राज्य संचालनकर्ता र सम्बन्धित निकायले चासो देखाउनुपर्ने अवस्था आइसकेको छ । होइन भने माफियाहरुले नेपाल वायुसेवा निगम मात्र होइन देशलाई नै टाट पल्टाउन समय लाग्दैन ।

# तीव्र आर्थिक संकटबीच यस्तो रह्यो वर्ष २०७९

*प्रयास श्रेष्ठ*

काठमाडौँ । तीव्र आर्थिक संकटका बीच 'वर्ष २०७९' नेपालको अर्थतन्त्रका दृष्टिकोणले निकै उतारचढावपूर्ण रह्यो । तीन वटै तहको निर्वाचन सम्पन्न गरी नयाँ शासकीय नेतृत्व पाएको यस वर्ष सरकार, निजी क्षेत्र र आम सर्वसाधारणले नै निकै सास्ती र हैरानी खेप्नु पर्‍यो ।

अर्थतन्त्रको आन्तरिक तथा बाह्य कारणले सिर्जित परिस्थितिले बढाएको तरलता अभाव, बजार महँगीसँगै बढेको बैंकको ब्याजदरले सबैजसो क्षेत्र प्रभावित हुन पुगेको छ । सम्भवतः पहिलो पटक यसै वर्ष उद्योग, व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाविरुद्ध सडक संघर्षमा उत्रिएका छन् ।

आर्थिक मन्दीकै कारण घटेको व्यापार व्यवसाय र आयात प्रतिबन्धले इतिहासकै कमजोर आर्थिक स्थितिबाट सरकार गुज्रनुपरेको छ । ५५ वर्ष यताकै न्यून राजस्व सङ्कलन हुँदै गर्दा यता सरकारी खर्च घाटामा चलिरहेको छ । चालु आर्थिक वर्षको चैत मसान्तसम्म आइपुग्दा सरकारी खर्च २ खर्ब हाराहारी पुगेको छ ।

यसका अलावा वर्ष २०७९ भित्र विविध राजनीतिक तथा आर्थिक घटना घटेका छन् । आम निर्वाचन २०७९ सँगै परिवर्तित संघीय सरकारको अर्थमन्त्रीमा एकै वर्ष तीन अनुहार फेरिए । नेकपा एमालेको एउटा विभागमा सामेल गरिएका एम.अधिकारीलाई लिएर बहालवाला गभर्नरको विषयमा चर्चा परिचर्चा भएको छ । यसै वर्ष मुलुकले तीन वटा ठुला अन्तर्राष्ट्रिय विमानस्थल पाउँदै गर्दा नेपाली आकाशमा दुई ठुला जहाज दुर्घटनामा परेका छन् ।

**१.आर्थिक मन्दीको चपेटा**

खासगरी कोभिड-१९ पछि आएको विश्व आर्थिक मन्दी, रुस-युक्रेन युद्धको प्रभावले सिर्जित आयात निर्यात र उत्पादनको प्रभावले यो वर्ष निकै कठिन बन्न पुग्यो । उच्च बजार महँगीका बाबजुद पनि बढेको आयातले विदेशी मुद्राको सञ्चितिमा दबाब पर्न गयो । यसै बखत श्रीलङ्कामा आएको तीव्र आर्थिक संकटले विश्व नै त्राहिमाम् बनायो । यही दुर्गति देखेर तर्सिएको नेपालले पनि अर्थतन्त्र बचाउन आयात प्रतिबन्धको नीति लियो ।

विलासी वस्तु, गाडी, मोबाइल, टेलिभिजनसँगै अतिरिक्त खेलौना तथा जङ्कफुडमा पूर्णतः आयात प्रतिबन्ध लगाएको सरकारले अन्ततः पुस मसान्तपछि (करिब १३ महिनापछि) आयात खुलायो । तर यसको साइट इफेक्ट भने अहिले देखिँदैछ । आयात रोक्दैगर्दा यता राजस्व ५५ वर्ष यताकै न्यून परिणाममा खुम्चिँदा सरकारी खर्च घाटामा पुगेको छ । सँगै मुलुकभित्र बढेको तरलता अभाव, उच्च बजार महँगीसँगै बैंकको ब्याजदर उच्चदरले बढेसँगै उद्योग, व्यवसायी ऋणीहरू बैंक तथा वित्तीय संस्थाका विरुद्ध सडक संघर्षमा उत्रिने वातावरण बन्न पुगेको छ ।

**२.तीन अर्थमन्त्री**

यसै वर्ष मुलुकले तीन जना अर्थमन्त्री पाएको छ । आम निर्वाचन २०७९ अघि शेरबहादुर देउवा नेतृत्वको सरकारको अर्थ मन्त्रालयको नेतृत्व जनार्दन शर्माले गरेका थिए । २०७९ वैशाख १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न गरेको सरकारले मंसिर ४ गते प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरेको थियो । यस लगत्तै नेकपा माओवादीकेन्द्र नेतृत्वको सरकारमा नेकपा एमालेसहितको ७ दल सहभागी भए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारको अर्थमन्त्री एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल बने । तर, यो सरकार दुई महिना पनि टिक्न सकेन । राष्ट्रपतिको निर्वाचनलाई लिएर सत्ता गठबन्धनमा खटपट भएपछि नेकपा माओवादीले नेपाली कांग्रेससँग सत्ता साझेदारी गर्ने भयो । योसँगै नेकपा एमालेले प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरियो । २०७९ चैत १७ गते सातौँ पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका प्रधानमन्त्री प्रचण्डले अर्थमन्त्री नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महतलाई बनाएका छन् । डा.महत यही वर्ष बनेको सरकारको तेस्रो अर्थमन्त्री बनेका छन् ।

**३. बजेटमा चलखेलको आरोप/एम.अधिकारीको चर्चा**

यो वर्ष बजेट निमार्णमा विवाद देखियो । बाहिरको मान्छे आएर करको दर हेरफेर गरेको आरोप अर्थमन्त्री जनार्दन शर्मामाथि लाग्यो । विवाद बढेपछि अर्थमन्त्री शर्माले पदबाट राजीनामा नै दिएका थिए भने उनीमाथि छानबिन गर्न संसदीय विशेष समिति नै गठन गरियो । तर समितिले करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएको निष्कर्षसहितको प्रतिवेदन बुझायो । प्रतिवेदनमा अर्थ मन्त्रालयका पदाधिकारीसँग गरिएको छलफल, मन्त्रालयबाट प्राप्त जवाफ र कागजात तथा सिसिटिभी फुटेजको अध्ययन गर्दा करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएको उल्लेख थियो । समितिबाट क्लिन चिट पाएपछि शर्मा पुनः मन्त्रालयमा फर्किएका थिए ।

यस वर्ष मुलुकको वित्तीय क्षेत्रमा घटेको र निकै चर्चा कमाएको अर्को मुद्दा हो 'एम.अधिकारी' । नेकपा एमालेको अर्थ विभागको सदस्यमा उल्लेखित नाम एम.अधिकारीले निकै चर्चा कमायो । खासगरी राष्ट्र बैंकको बहालवाला गभर्नर महाप्रसाद अधिकारी नै उल्लेखित पार्टीको अर्थ विभागको सदस्य एम.अधिकारी रहेको चर्चा भएको थियो । एमाले निकटकै गभर्नर अधिकारी र अर्थ विभाग सदस्य एम.अधिकारी दुवैको घर खोटाङ उल्लेख गरिएकाले पनि शंका थपेको हो । यद्यपि, उक्त उल्लेखित नाम गभर्नर अधिकारीको नभएको नेकपा एमालेले र स्वयं गभर्नर अधिकारीले समेत स्पष्टीकरण दिइसकेका छन् । र पनि उल्लेखित एम.अधिकारी को हो ? अहिलेसम्म पार्टीले व्यक्ति देखाउन नसक्दा अझै उक्त व्यक्ति कोही नभएर गभर्नर अधिकारी नै भएको आम सर्वसाधारणमा एक खालको बुझाइ छ ।

**४. बैंक तथा वित्तीय संस्थाविरुद्ध ऋणीहरू सडकमा**

माथि नै उल्लेखित आर्थिक मन्दीको उपज वित्तीय क्षेत्र शिथिल हुँदै गर्दा सम्भवतः पहिलो पटक उद्योग, व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाहरुविरुद्ध सडक संघर्षमा उत्रिने स्थिति बनेको छ । तरलता अभावलाई देखाएर बैंकहरुले कर्जाको ब्याजदर बढाएसँगै उद्योगी, व्यवसायीहरू आन्दोलित भएका हुन् ।

आर्थिक मन्दीका बीच उपभोग्य बजार शिथिल भइरहँदा बढेको ब्याजदरले व्यवसायीहरू आक्रान्त हुन पुगेका छन् । पुराना ऋणको ब्याज बढेर सावाँ ब्याज चलाउन नसक्ने अवस्थामा पुगेको र नयाँ लगानीको वातावरण समेत नभएको भन्दै उद्योगी, व्यवसायीहरू सडकमा उत्रिएका हुन् । समस्याग्रस्त अर्थतन्त्रका कारण सहकारी, लघुवित्तका ऋणीहरू र बचतकर्ताहरु समेत सडकमा उत्रिने वातावरण बनेको छ ।

**५.दुई ठुला अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न**

यसै वर्ष गौतम बुद्ध र पोखरा विमानस्थल जस्ता दुई ठुला अन्तर्राष्ट्रियस्तरका क्षेत्रीय विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् । भैरहवास्थित गौतम बुद्ध विमानस्थल जेठ २ गतेदेखि औपचारिक रूपमा सञ्चालनमा आएको हो भने पोखरा विमानस्थल जनवरी १ अर्थात् पुस १७ गतेदेखि सञ्चालनमा आएको हो । योसँगै मुलुकसँग अन्तर्राष्ट्रियस्तरका तीन वटा विमानस्थल भएका छन् ।

यद्यपि, विवादका बीच गौतम बुद्ध विमानस्थलबाट केही अन्तर्राष्ट्रिय गन्तव्यहरूमा नियमित उडान सुरु भए पनि यता पोखरा विमानस्थलबाट भने हालसम्म कुनै पनि अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको लोड (क्राउड) बढेसँगै अन्य अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता महशुस गरेर नै थप दुई अन्तर्राष्ट्रिय विमानस्थल बनाइएको हो । तर, केही विवादका बीच पछि बनेका दुवै विमानस्थल सञ्चालनमा व्यवधान आएका छन् । ७ वर्ष लगाएर सम्पन्न गरिएको गौतम बुद्ध विमानस्थल करिब ३२ अर्ब रुपैयाँ र ५ वर्ष लगाएर सम्पन्न गरिएको पोखरा विमानस्थलको लागत २३ अर्ब रुपैयाँ छ ।

**६.दुई ठुला जहाज दुर्घटना**

दुःखका साथ भन्नुपर्छ, यसै वर्ष नेपाली आकाशमा दुई ठुला जहाज दुर्घटना भए । विश्व जगतलाई नै स्तब्ध पार्नेगरी माघ १ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै यति एयरलाइन्सको ९एनए-एनएसी एटीआर जहाज दुर्घटनाग्रस्त भयो । दुर्घटनामा जहाजमा सवार ७२ जना यात्रुकै मृत्यु हुन पुग्यो । यो नै नेपाली आकाशमा घटेको हालसम्मकै सबैभन्दा ठुलो दुर्घटना हो ।

यद्यपि, दुर्घटना लगत्तै बनेको छानबिन समितिले मुख्य पाइलटले जिम्मेवारी गुमाउँदा अर्थात् जहाज अवतरणको जिम्मेवारी को-पाइलटलाई दिँदा दुर्घटना हुन पुगेको निष्कर्ष निकालेको छ ।

मे, २०२२ (गत वैशाख) मा पनि नेपाली आकाशमा हवाई दुर्घटना भएको थियो । पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको जहाज खराब मौसमका कारण बीचमै दुर्घटनाग्रस्त बन्न पुगेको थियो । उक्त विमानमा सवार चालक दलसहित सबै २२ जना यात्रुको मृत्यु हुन पुग्यो । एकै वर्ष घटेका यी दुई ठुला घटनाले नेपालीहरूको मन, मस्तिष्कमा नमिठो छाप छोडेर गएको छ ।

# टेप प्रकरणमा मुछिएका नेताहरूको घटना सामसुम हुँदै

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद ढाकाकुमार श्रेष्ठले मन्त्री बन्नका लागि घुस बुझाउन दुई करोड रुपैयाँ मागेको टेप सार्वजनिक भएपछि छानबिन चलिरहेको छ । उनकै पार्टी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त अडियोमाथि छानबिन थालेको हो ।

अडियोमा श्रेष्ठले स्वास्थ्य मन्त्री बन्न पार्टी सभापति रवि लामिछानेको 'टिम'लाई दुई करोड रुपैयाँ दिनुपर्ने बताएका छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग उक्त रकम मागिएको छ ।

रास्वपाको अनुशासन समितिले त्यसमाथि छानबिन गरेर यथार्थ सार्वजनिक गर्ने बताएको छ भने अख्तियारले समेत चासो देखाएको छ । यसअघि नेताहरू जोडिएका चर्चित दुई टेप प्रकरणमा भने यत्तिकै सामसुम भएका छन् ।

**प्रचण्डको शक्तिखोर भिडिओ टेप**

अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पहिलो संविधान सभा निर्वाचनअघि २०६४ पुस १८ गते चितवनको शक्तिखोरमा रहेका जनसेनाको शिविरमा विवादास्पद भाषण दिएका थिए । मूलतः उनले मुखले संविधान सभाको निर्वाचन भने पनि विद्रोहको तयारी गर्ने बताएका थिए । उनले जनसेनाको संख्या पनि बढाइएको बताएका थिए ।

'हामी सात हजार र आठ हजारको बीचमा पुगिसकेका थियौं । त्यति नै बाँकी रहेको भए भेरिफिकेसनमा हामी चार हजार बाँकी रहन्थ्यौं । सात हजारको भेरिफिकेसन त चार हजारमा आउँछ । हामीले (क्यान्टोन्मेन्टमा) ३५ हजार लगेर राखिदिएको, २० हजारमा त आयो कमसेकम । यो हो नि साँचो कुरा त । अरुलाई पो हामीले भन्नु हुँदैन त । तपाईं हामीलाई त साँचो कुरा थाहा छ नि त', उनको भनाइ थियो ।

उनको यो अभिव्यक्तिपछि नै संविधान सभाको निर्वाचन भयो । माओवादी पहिलो दल पनि बन्यो । प्रचण्ड नै प्रधानमन्त्री भए । २०६५ साउनदेखि २०६६ वैशाखसम्म उनी प्रधानमन्त्री भएका थिए । तर सेनापति प्रकरणपछि उनले पदबाट राजीनामा दिए । राजीनामा दिनासाथ उनको सो विवादास्पद भिडिओ सार्वजनिक हुन पुग्यो । तर उनको राजनीतिक करियरमा भने खासै नोक्सान पुगेन । उनीमाथि राज्यलाई ढाँटेर आर्थिक भार बढाएको विषयमा पनि कुनै छानबिन भएन । जवाफदेही पनि हुनुपरेन। बरु, त्यसपछि पनि दुई पटक प्रधानमन्त्री भइसकेका छन् ।

**महराले मागेको ५० करोड**

सार्वजनिक ओहदामा बसेकाहरूको 'टेप प्रकरण' भने पहिलो होइन । यसअघि माओवादी केन्द्रका नेता कृष्णबहादुर महरा समेत यस्तो प्रकरणमा परेका थिए ।

२०६७ भदौमा सार्वजनिक एक अडियो सार्वजनिक भयो। जहाँ महराले चिनियाँ नागरिकसँग ५० करोड मागेका थिए । अडियो प्रधानमन्त्रीको निर्वाचनका लागि ५० सांसद खरिद गर्नुपर्ने भन्दै उनीसँग ५० करोड रुपैयाँ मागिएको थियो ।

सांसद किनबेचको विषय नेपाली राजनीतिमा नयाँ थिएन । तर, मूल्य नै तोकेर फरक देशका नागरिकसँग रकम मागिएपछि त्यसले केही समय चर्चा पायो। तर, महराले अडियोमा बोल्ने आफू नभएको र प्रविधिको युगमा कसैले त्यस्तो अडियो बनाएको हुन सक्ने भन्दै बचाउ गरे । तरल राजनीतिक अवस्थाको समयमा एमाले र कांग्रेसले उक्त विषयमा दबाब दिएर छानबिनको दायरामा पुर्‍याउन सकेनन् । उक्त अडियोको आवाजको यथार्थ जाँच समेत हुन नपाइ प्रकरणमा पूर्णविराम लाग्यो ।

त्यसपछि महरा झन् प्रभावशाली भए। उनले त्यही वर्ष उपप्रधानमन्त्री र गृह मन्त्रालय सम्हाले भने २०७३ सालमा उपप्रधानसँगै अर्थ मन्त्रालयको जिम्मेवारी पाए। उनी २०७४ सालमा उपप्रधानसँगै परराष्ट्र मन्त्री भए। २०७४ मंसिरमा भएको निर्वाचनमा दाङबाट सांसद बनेपछि २०७४ को फागुनदेखि उनी सभामुख भए । त्यही क्रममा यौन उत्पीडनको आरोप लागेपछि उनको रफ्तारमा ब्रेक लागेको छ ।

**गोकुल बास्कोटा : ७० करोड**

२०७४ सालको निर्वाचनपछि काभ्रेपलाञ्चोक- २ बाट निर्वाचित गोकुल बास्कोटा सूचना प्रविधि तथा सञ्चार राज्यमन्त्री भए । पछि सञ्चार मन्त्री र सरकारको प्रवक्ता समेत बने । प्रधानमन्त्री ओलीनिकट भएका कारण उनी उक्त क्याबिनेटमा शक्तिशाली मन्त्री थिए ।

२०७६ फागुन ८ गते बास्कोटाले ७० करोड घुस मागेको अडियो सार्वजनिक भयो । ओली मन्त्रिपरिषद्को शक्तिशाली मन्त्री रहेका उनले सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदका लागि यत्रो रकम माग गरेको अडियो सार्वजनिक भएपछि विवादमा तानिए ।

मन्त्री बास्कोटाले स्विस कम्पनी केबीए नोटासिसका नेपाल प्रतिनिधि (एजेन्ट) विजयप्रकाश मिश्रसँग कमिसनबारे छलफल गरेको अडियो सार्वजनिक भएको थियो। लगत्तै उनले पदबाट राजीनामा पनि दिए । उक्त विवादमा संसद्को लेखा समितिले अध्ययन गरिरहेको थियो ।

अडियोमा स्विस एम्बेसी आउने भन्दै एजेन्टले मन्त्रीसँग समय मिलाउन भनेका छन् । मन्त्री बास्कोटाले 'नर्मलमा ५० आउँछ ?' भनेर सोधेका छन् । समान्य तवरबाट काम गर्दा थोरै कमिसन आउने भएकाले मिश्रले 'आउट अफ ट्र्याक'बाट जान मन्त्रीलाई सुझाएका छन् ।

यो प्रक्रियाबाट कुल ७० देखि ७४ करोड कमिसन आउने र त्यसको ७० प्रतिशत मन्त्रीलाई मिल्ने मिश्रले मन्त्रीलाई बुझाएका थिए । मन्त्रीले अडियोमा एजेन्ट (मिश्र)लाई कति प्रतिशत आउँछ त भनेर समेत सोधेका थिए ।

लेखा समितिले उनी बाहिरिएपछि २०७७ असोज ८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बास्कोटामाथिको अनुसन्धानका बारेमा जिज्ञासा राखेको थियो । तर, अख्तियारले अनुसन्धान भइरहेको भन्दै आएको छ । उक्त प्रकरण अख्तियारले तामेलीमा पठाइसकेको छ । बास्कोटा दोस्रोपटक काभ्रेबाट प्रतिनिधि सभामा भाग लिँदै निर्वाचित भएर प्रतिनिधि सभाको सांसदको रुपमा रहेका छन् । उनीमाथि अब अख्तियारले मुद्दा दायर गर्ने सम्भावना देखिँदैन ।

**राजनारायण पाठक : ७८ लाख**

२०७५ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन आयुक्त राजनारायण पाठकले ७८ लाख घुस मागेको टेप बाहिरिएको थियो । आयुक्त पाठकले नेपाल इन्जिनियरिङ कलेजको जग्गा विवादमा ७८ लाखभन्दा धेरै घुस लिएको उक्त टेपमा स्वीकारेका थिए ।

पाठकले सुरुमा ४० लाख र त्यसपछि ३८ लाख लिएको स्वीकारेका छन् । उनले आफू प्रमुख आयुक्त भएपछि सबै काम गरिदिने, थप काम गर्ने अवसर दिने त्यहाँ उल्लेख गरेका छन् ।

उक्त प्रकरण सार्वजनिक भएपछि उनले आयुक्त पदबाट राजीनामा दिएका थिए । राजीनामा दिएपछि अख्तियारले नै उनीमाथि अनुसन्धान गरी घुस रिसवतमा मुद्दा दायर गरेको थियो । विशेषले पाठकलाई ३ वर्ष ३ महिना कैदको फैसला सुनाएको छ । भ्रष्टाचार निवारण ऐनअनुसार ३ वर्ष र अख्तियारको बहालवाला आयुक्त भएकाले थप ३ महिना कैद गर्ने फैसला सुनाएको हो । त्यस्तै, नेपाल इन्जिनियरिङ कलेजका लम्बोदर न्यौपानेलाई पनि विशेषले ३ वर्ष कैदको फैसला सुनाएको छ । विशेषले तत्कालीन आयुक्त पाठक र न्यौपानेलाई जनही ३९ लाख जरिवाना गर्ने फैसला सुनायो ।

दुवै जनाविरुद्ध ७८ लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम जरिवाना र कैद सजाय माग अभियोगपत्रमा गरिएको थियो । आयोगले दायर गरेको मुद्दामा पाठकलाई जरिवाना र कैद सजायका साथै उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त पदमा बहाल रहेकै अवस्थामा कसुर गरेको हुँदा थप सजायको समेत माग गरिएको थियो ।

**न्यायाधीशलाई वकिलको घुस अफर**

काठमाडौं जिल्ला अदालतकाका न्यायाधीश राजकुमार कोइरालालाई एमाले निकट कानुन व्यवसायी एवं नेपाल बार एशोसियसनका पूर्वकोषाध्यक्ष रुद्र पोखरेलले घुस अफर गरेको अडियो सार्वजनिक भयो ।

व्यवसायी इच्छाराज तामाङलाई धरौटीमा छुटाउन भएको घुस लेनदेनमा न्यायाधीश कोइरालाले अधिवक्ता पोखरेलसँग संवाद गरेको सार्वजनिक भएको थियो । लगत्तै उक्त प्रकरणमा न्याय परिषद्ले उनलाई निलम्बन गर्दै छानबिन थाल्यो । काठमाडौं जिल्ला अदालतका न्यायाधीश कोइरालामाथि छानबिनका लागि तीन सदस्यीय समिति गठन गर्दै उनलाई न्याय परिषद् हाजिर गराइयो । परिषद् सदस्य रामप्रसाद श्रेष्ठको नेतृत्वमा उच्च अदालत पाटनका कामु मुख्यन्यायाधीश महेश पुडासैनी र सोही अदालतका न्यायाधीश महेश शर्मा पौडेल सदस्य रहेको छानबिन समिति गठन गरिएको थियो ।

परिषद्ले आरोपित न्यायाधीश कोइरालालाई काम गर्नबाट वञ्चित गराउने निर्णय पनि गरेको थियो । उक्त प्रकरणमा घुसको प्रस्ताव गरेका अधिवक्ता एवं नेपाल बार एशोसियसनका पूर्वकोषाध्यक्ष रुद्र पोखरेललाई पनि कानुन व्यवसायीहरूको नियामक संस्था बार काउन्सिलले म्याद जारी गर्ने निर्णय गरेको गर्‍यो । न्यायाधीश कोइराला हाल पनि निलम्बनमै छन् । उनी सर्वोच्च हाजिर भएका छन् भने परिषद्ले छानबिन प्रतिवेदनमाथि निर्णय गरेको छैन ।

पहिलो संविधान सभामा एमालेका तर्फबाट सदस्य रहेका इच्छाराज तामाङको मुद्दा मिलाउन उक्त डिल भएको हो । कानुन व्यवसायी पोखरेलले तामाङ पक्षसँग पैसाको डिल गर्नका लागि गरेका थिए । उनले आफ्नो पक्षलाई आश्वस्त पार्नका लागि मोबाइलबाट कुराकानी गरेका थिए भने त्यसको रेकर्ड पक्षलाई पनि उपलब्ध गराएका थिए ।

उनले तत्कालीन समयमा २ करोड न्यायाधीशलाई दिने र तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई पनि केही हिस्सा दिनुपर्ने त्यहाँ बताइएको थियो । उनीहरूको डिल अनुसार पक्षले पैसा पनि दिएको तर अदालतले आदेश भने विपक्षमा रहेपछि समस्या सुरु भएको थियो । यही विवादले अडियो सार्वजनिक भएको थियो ।

## फरक धार - फरक विचार

# कुनै औषधी बिना उपचार गरिने विधि इनर्जी ट्रिटमेन्ट (शक्तिको उपचार)



**डी .बी. शाही**
**उर्जा शक्ति थेरापिस्ट**

-डी.बी.शाही

आज विश्वभरमा मान्छेको शरीरमा आउने या देखा पर्ने गडबडी (बैद्य र आधुनिक चिकित्सा पद्धतिको भाषामा रोग)लाई बिना कुनै औषधी, बिना कुनै शल्यक्रिय, बिना कुनै अन्य मेशिन, उपकरण प्रयोग नगरीकन उपचार गरिने विधिलाई इनर्जी ट्रिटमेन्ट या उर्जा शक्तिको उपचार भनिन्छ । यो विधि लगभग चार दशक पहिले जापानी बैज्ञानिक डाक्टर केनीची कुमाकिरीले १५ बर्षको शोध पछि प्रयोगमा ल्याउनु भएको हो र यसको अभ्यास, प्रयोग र प्रचार प्रसार तथा ट्रेनिङ संसारभरिका १८२ देशमा लगातार गर्दै जाँदा रोग भनेर गरिने अन्य उपचार पद्धतिबाट बर्षौं उपचार गर्दा पनि फाइदा नभएका, केवल औषधीको भरमा बाँचेका मान्छेहरु बिना औषधी सेवन पुर्णरुपमा सन्चो भए पछि प्राय: उनिहरुले नै यस विधिको अध्यन, अभ्यास र ट्रेनिङ लिएर उपचार गर्दै आइरहेका छन् । यो विधिबाट गरिने उपचारको रिजल्ट सतप्रतिशत छ । यो विधिबाट एकपटक सन्चो भैसकेको बिरामीमा त्यो समस्या बाँच्नुन्जेल फेरि दोहरिन्न यानिकी पुर्णरुपमा सन्चो हुन्छ, तर समस्या कहाँनेर आउँछ या देखिन्छ भने जुन रोगीले पुर्णरुपमा यो विधिमाथि विश्वास गर्न सक्दैन, अलिकति सन्चो हुने बित्तिकै उपचार गर्न छोडी हाल्छ अर्को यो विधिबाट उपचार गर्ने इनर्जी थेरापिस्ट (उर्जाको डाक्टर) ले भनेको या दिएको सल्लाह नमान्ने बर्षौंसम्म भएभरका उपचार विधिहरु अपनाउदा र अनेक प्रकारका औषधीहरु सेवन गर्दा गर्दै रोग र औषधीबारे सम्बन्धित डाक्टरभन्दा पनि बढी जानकारी हासिल गरिसक्या छौं भन्ने भ्रममा बाँच्नेहरुलाई कुनै पनि विधिले छुन सक्दैन र यस्ता व्यक्तिको रोग पनि सन्चो हुन्न । उनिहरुले पालेको भ्रमले हरेक विधिमाथिको विश्वास गर्ने क्षमता नष्ट गरिसकेको हुन्छ तर पनि उनिहरु उपचार गर्न पनि छोड्दैनन्, उपचार गरेका विधि र औषधीमाथि पनि विश्वास गर्दैनन् । यस्तो भ्रमित मानसिकताका शिकार भएका व्यक्तिलाई सन्चो पार्न सक्ने क्षमता यो सृष्टिको सिर्जना गर्ने स्वयं प्रकृतिसंग पनि छैन । यस्ता व्यक्ति (रोगी) हरुले प्राय: उपचार गर्न जुन विधि अपनाए पनि डाक्टरको सल्लाह नमानेर आफुखुशी दुइचार दिन गर्ने या औषधी सेवन गर्ने अनि भएन भनेर अर्को विधि खोज्ने अर्कोले पनि भएन भनेर अर्को विधि खोज्ने यसरी आफ्नु शरीरलाई केवल विभिन्न विधिको प्रयोगशाला मात्र बनाउने गरेको प्रष्ट देखिन्छ । कहिलेकाही डाक्टरहरुको पनि गल्ती कमजोरी हुन सक्छ तर कुनै प्रकारको विचार नगरेर उपचारको नाउमा जसले जे भन्यो विना सोचेसम्झे त्यो गरिहाल्ने 'होगा तो होगा, नही तो मकैका घोगा' भने जस्तै जे पनि गर्न तयार भैहाल्ने रोगीहरु स्वयंको पनि थुप्रै कमी कमजोरी हुन्छन् । यस्तै दुबै पक्षका कमी कमजोरीको सही कारण नखोजेर एक अर्कालाई दोष मात्र दिने कारण पनि उपचारमा बाधक र समस्याको रुपमा देखिन्छ । मान्छेले आफ्नु शरीरमा देखिने गडबडी या रोगलाई वास्तवमा कतिहदसम्म गम्भीर भएर लिन्छ त्यसले पनि महत्व राख्छ ।

इनर्जी ट्रिटमेन्ट, उर्जा शक्तिको उपचार विधिको मान्यता, या निचोड के छ भने यो ब्रह्माण्डमा भएका प्राणीहरु मनुष्य, पशुपंक्षी, बोट बिरुवा आदि कसैमा पनि रोग भन्ने कुनै चिज छैन, यो रोग भनेर मनुष्यले दिएको नाम हो र यो प्राणीहरुको सिस्टम (प्रणाली) लाई संतुलित र सुचारुरुपमा संचालन या व्यवस्थापन गर्न नसकेर उर्जा शक्तिमा आएको सामान्य गडबडी हो ? यो उर्जा शक्तिको असंतुलनका कारण देखिएको गडबडीलाई मनुष्यले विभिन्न रोगको नाम राखेर उपचारको बहानामा शरीरलाई औषधी (ड्रग) को भण्डार बनाउँदै गैरहेकोछ । हामीले अलि गम्भीर भएर सोच विचार गर्ने हो भने या बुझ्न खोज्ने हो भने, रोग भनेर सम्बन्धित रोगको उपचार गरिने विधिले वास्तवमा रोगको त उपचार गर्छ यो कुरामा कुनै शंका गर्नु पर्ने ठाउँ छैन तर त्यसले शरीरको उपचार गर्दैन ? उदाहरणको लागि मानौं शरीरको कुनै भागमा मासुको डल्ला देखियो, कतै ब्लड क्लोटिङ भयो, नशा सुक्यो आदि । आधुनिक चिकित्सा विधिले मासुको डल्ला सहजै काटेर फाल्न सफल छ, जमेको रगतको डल्ला औषधीद्वारा या शल्यक्रियाद्वारा सफलता पुर्वक झिक्न सक्षम छ, सुकेको नशा काटेर नशा जोड्न पनि सक्षम देखिन्छ तर समस्या, रोग या गडबडी त शरीरमा आउने हो उसको रोग बाहेक शरीरसंग कुनै मतलव हुन्न, मान्छे मरोस या बाँचोस मतलव छैन त्यसैले प्राय: जसो ती समस्या या रोगबाट केही समयको लागि राहत मिले पनि केही समय पछि फेरि दोहरिने गरेको देखिन्छ । रोग सन्चो पार्ने भनेर सेवन गराइने औषधी(ड्रग) ले राहत मिलेको या सन्चो भए जस्तो लाग्छ तर औषधी सेवन गर्न छोड्ने बित्तिकै फेरि हमला गरि हाल्छ भने अर्कोतिर हाम्रो शरीरले पहिलोपटक दिएको औषधीको मात्रा केही समयको सेवन पछि रोग प्रतिरोध क्षमतामा ह्रास आउँछ र औषधीको पहिले दिने गरेको मात्राले काम या असर गर्न सक्दैन अनि औषधीको मात्रा बढाउनु पर्ने हुन्छ । १०० एमजी.ले काम गर्न नसके २०० एमजी. दिनु पर्ने हुन्छ र सेवन गरिरहेको औषधीको मात्रा बढाएर मात्र पुग्दैन त्यो औषधीको सेवनले गर्ने साइड इफेक्टका कारण अरु रोगहरु आउने या लाग्ने गरेको पनि देखिन्छ र त्यसको लागि त्यही रोग सम्बन्धि औषधी दिनु पर्ने हुन्छ ? त्यसैले रोग सन्चो पार्न सेवन गराइने औषधीहरुले सम्बन्धित रोगमा त फाइदा देखिए पनि त्यसको साइड इफेक्ट धेरै हुने कुरा सम्बन्धित डाक्टर या औषधी बनाउने कम्पनीहरु स्वयंले प्रष्ट भनेका हुन्छन ?


इनर्जी ट्रिटमेन्ट यानि कि उर्जा शक्तिको उपचार विधिले रोगको होइन यो शरीरलाई स्वस्थ र तन्दुरुस्त राख्न चाहिने उर्जाको शक्तिमा आएको असंतुलनको उपचार गरी उर्जा शक्तिलाई संतुलित पार्छ । उर्जा शक्ति संतुलित भएपछि शरीरले बिना कुनै रुकावट आफ्नु कार्य सही र संतुलित तरिकाले गर्छ त्यसैले मनुष्यको शरीरले सही र सुचारु काम गर्न थाले त्यहाँ कुनै प्रकारको गडबडी या रोग भन्ने त्यो शरीरमा प्रवेश गर्नै सक्दैन । यो ब्रह्माण्डमा जीवित सम्पूर्ण प्राणीहरुको सिर्जना या संरचना मनुष्यले नगरेर प्रकृतिले गरेको हो र त्यसलाई सुचारु रुपमा संचालन गर्ने शक्ति या अधिकार पनि प्रकृतिसंग नै हुन्छ । प्रकृति स्वयंले ती प्राणीहरुलाई स्वस्थ रहने या रोगी रहने केही अनुमति र अधिकार तिनलाई दिएको छ तर आज मनुष्यले विज्ञानमा द्रुतगतिमा गरेको विकास एवं सबै कुरामा बुद्धिमान र ज्ञाता भएको भ्रममा परेर उसले प्रकृतिका नियमहरु मिचेर हरेक कुरामा अनुमानको भरमा आफ्नु एकाधिकार र हैकम लाध्न खोज्छ, जसको कारण आजको सभ्य, आधुनिक, शिक्षित र भौतिक कुराको ज्ञाता भनौं या हरेक कुरा बुझ्ने, ब्याख्या गर्न सक्ने र आइपरेका समस्या या रोगहरुको समाधान सरल र सहज तरिकाले गर्न सक्ने क्षमता हुँदाहुँदै पनि यो ब्रह्माण्डमा भएका ८४ लाख प्राणीहरुमा सबैभन्दा बढी रोग र समस्याको जालोमा रुमलिने एउटा मात्रै प्राणी मनुष्य मात्रै किन छ ? यसको कारण एउटा मात्र हो त्यो हो मनुष्य वाहेक अरु सबै प्राणी अहिलेसम्म प्रकृतिको नियम अनुसार नै चलेका छन् तर मनुष्य प्रकृतिको नियम बिपरित गएर विज्ञान, विकास र आधुनिकताको विजयी मास्क लगाएर स्वयंले दिन प्रतिदिन रोगहरु निर्मुल गर्नको साटो अनेकौं नयाँ नयाँ रोग र भाइरसहरुको पनि तीब्र विकास गरि रहेको छ ? मनुष्यले विकास र उन्नतिको नाउमा अनेकौं खतरनाक रसायनहरु, आणविक हथियारहरु, अत्याधिक विकिरण विसर्जन गर्ने टिभी, मोवाइल, स्वास्थ परिक्षण गर्ने इलेक्ट्रिकल उपकरण, घातक रेडियोधर्मी किरण छोड्ने एक्सरे मशिनहरु, वातावरण दुषित पार्ने आणविक भट्टी र उद्योगहरको तीब्र विकासले स्वयंको स्वास्थ्य माथि जानीनजानी खेलवाड गरिरहेको छ भने अर्कोतिर यो ब्रह्माण्डको आयु समेत घटाउने कार्य भैरहेको थाह पाउँदा पाउदै पनि त्यलाई मिनीमाइज गर्नुको साटो झन्झन् बढाउदै गैरहेको छ । अब अहिले आएर यी सबै कुरा पुर्णरुपमा बन्द गर्न त सम्भव छैन तर यिनीहरुको नकारात्मक असरलाई केही हदसम्म नियन्त्रण गर्न त सक्छ । संसारभरि ठुलाठुला सभा सेमिनार गरेर मनुष्य स्वयंले वातावरण ध्वस्त पार्दै गएको, मनुष्यको स्वास्थ्यमा असर पार्ने कारणहरुबारे,खानपिन र रहनसहन बारे खोजमुलक,शोधमुलक लेख,रचना, चेतावनी दि रहेको हुन्छ र वातावरण दुषित पार्ने कारणहरुलाई दोष दि रहेको हुन्छ तर ती कारणहरुको जति ब्याख्या र विश्लेषण गरे पनि नियन्त्रण गर्ने कुनै उपाय खोजिन्न। औषधीको साइड इफेक्ट, मशिनहरुको साइड इफेक्ट,वातावरणको साइड इफेक्ट,बीषाधी प्रयोग गरिएका खाद्यान्नको साइड इफेक्ट, वर्गीय साइड इफेक्ट,सामाजिक संरचनामा ऊँच निचको साइड इफेक्ट, यस्तै यस्तै मनुष्यको जीवन कालमा आवश्यक पर्ने या चाँहिने कुराहरकै कारण देखा पर्ने साइड इफेक्ट बारे अत्यधिक बहस, शोधखोज र प्रचारप्रसार गरेर मनुष्यलाई यति आतंकित पारिन्छ कि मनुष्यको भौतिक अवस्था ठिक हुँदाहुँदै पनि उ यी कारणहरु सुने पछि डरले नै रोगी हुन बाध्य हुन्छ ? सरकार होस या मिडिया डराउने मात्रै काम गर्छ ? आणविक भट्टीबाट निस्किने विकिरण, उद्योगहरुबाट निस्किने कार्वण,अल्कोहल र सुर्तीजन्य पदार्थ बाट हुने जनधनको क्षतिबारे सचेत गराउने कार्य प्रचारप्रसार नभएको कुनै पल छैन ? यसरी यिनीहरुको नकारात्मक असरबारे यति थाह हुँदाहुँदै यिनीहरुको उत्पादनमा प्रतिबन्ध लगाउन किन सक्दैन ? वास्तवमा आजको दुषित वातावरण र मनुष्यको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न गर्ने रोगहरुको लागि मनुष्य स्वयं जिम्मेवार छ । आजको मनुष्य स्वास्थ्य सम्बन्धि शोध खोज र अध्ययन अनुसंधान गरिरहेका चिकित्सक, बैज्ञानिक, विद्वान, विज्ञान या संघसंस्थाहरको उद्देश्य मनुष्यको स्वास्थ्य भन्दा पनि आफ्ना शोध कार्य केवल नयाँ नयाँ रोगहरु पत्ता लगाउनेमा मात्रै केन्द्रित र सिमित पारिरहेको हो कि भनेर सोच्न बाध्य पारेको अवस्था देखिन्छ । जहिले पनि रोगको नकारात्मक असर त्यसबाट बच्ने उपायहरुको मात्रै प्रचारप्रसार गरेको पाइन्छ तर रोग लाग्ने खास कारणहरुबारे गम्भीरता पुर्वक चर्चा या बहस गरेको खासै देखिन्न ?

वास्तवमा ल अफ नेचर यानि प्रकृतिको नियम र त्यैलाई आधार मानेर डाक्टर केनले आविष्कार गरेको उर्जा शक्तिको उपचार विधिलाई मान्ने हो भने रोग लाग्ने मुख्य कारणहरुमा १. गुरुत्व आकर्षण शक्ति ( ग्रेभिटिशनल फोर्स ) ,२. चक्रिय शक्ति (रोटेशनल फोर्स) को बहुतै महत्वपूर्ण भुमिका रहेको देखिन्छ, यसको साथसाथै १.मन, विचार, फिलिङ्ग (माइन्ड), २. दिशा (डाइरेक्शन) ३. चाल, गति (मुभमेन्ट) ४. तरंग (करेन्ट) ५. धकेल्नु र तान्नु (पुल एण्ड पुस) आदि शक्तिहरु जो एउटा स्वस्थ शरीरको लागि अति आवश्यक छन् । यी एउटा प्राणीलाई गतिशील बनाउने मुख्य र महत्वपूर्ण शक्तिहरुमा एउटा शक्तिमा मात्रै गडबडी उत्पन्न भयो भने शरिरलाई सुचारू रुपमा संचालन गर्ने अन्य शक्तिको संचालन पनि असंतुलित हुन जान्छ अनि मनुष्यको शारीरिक संरचना, प्रणाली (सिस्टम) मा गडबडी उत्पन्न हुन थाल्छ । प्राणीहरुको संरचना, प्रणाली (सिस्टम) असंतुलित (डिसब्यालेन्ड) हुन जान्छ जसको कारण शरिरलाई स्वस्थ राख्ने अंगहरुलाई आवश पर्ने उर्जा शक्ति प्राप्त नभए पछि ती अंगहरुले गर्नुपर्ने कार्य संतुलित र सुचारु हुन सक्दैन । सिस्टममा देखिने या आइपर्ने उर्जा शक्तिको कमी या असंतुलनलाई मनुष्यले रोग भनेर रोगको उपचार गर्ने गरेको बर्षौं र शदियौं भैसक्यो तर समस्या निदान हुनुको बदला झन्झन बढ्दै गएको छर्लङ्ग देखिन्छ । मनुष्यको उर्जा शक्तिमा गडबडी आउनु या असंतुलन हुनमा मनुष्य स्वयं जिम्मेवार छ । आजको बैज्ञानिक युगको मनुष्य आजीवन औषधीको र डाक्टरको निर्देशन या सल्लाहमा सम्पूर्ण जीवन जिउन बाध छ । साच्चै गम्भीर भएर यसको कारण खोज्ने प्रयास गर्ने हो भने यसको मुख्य कारणमा आफ्नो किचन भन्दा बाहिर रेस्टुरेन्टहरुमा खानलाई स्वादिष्ट बनाउन खाना पकाउदा प्रयोग गरिने केमिकलहरु प्रयोग गरेर पकाएको खाने कुरा,आजको अत्यन्त बुद्धिमान मनुष्य घरमा पाकेको सिम्पल र शुद्ध खाना खान मन पराउन्न,बाहिर रेस्टुरेन्टमा, ढाबामा पाकेको खाना खान पायो भने आफुलाई शौभाग्यशाली र सभ्य ठान्छ ।चिल्ला चिल्ला मार्वल बिछ्याएका घरमा बाथले कुजिएर बस्नु गर्व ठान्छ, मोटामोटा डनलबका मेट्रेस र सोफाहरुमा शरिरको पोस्चर बिगाडेर बस्नु या सुत्नु अत्यन्त सम्पन्न ,आम मनुष्य भन्दा अलि माथि उठेको भन्ने भ्रम पाल्छ । आज कपासको डसना र सिरकहरु लोप भैके,कपासको उत्पादन बन्द भै सक्यो ? आफ्नै देशमा निर्मित कपासका लुगालत्ता पहिरनु लाज लाग्छ ? विज्ञान र स्वयं बैज्ञानिकले प्रदुषणको मुख्य कारण मानेको प्लास्टिक, रबरको प्रयोग अत्यधिक भैराछ । टिभी,कम्प्युटर र मोबाइलमा आजको मनुष्य जुँका जस्तै टाँसिएर बस्न बुद्धिमानी र सभ्य ठान्छ ? यस्तै यस्तै कारण र साधनहरुले आजको समाज र मनुष्लाई रोगी बनाएर औषधी (ड्रग) को भण्डार ( स्टोर) बनाएको छ र शरिरलाई प्रयोगशाला बनाएको छ ? विश्व स्वास्थ्य संगठनले गरेको एउटा अनुसंधानको रिपोर्टमा पछिल्लो समय बच्चाहरुमा समेत मधुमेह (डाइबेटिज) देखिनुमा टिभीलाई कारण मानेको रिपोर्ट प्रकाशित गरेको पाइन्छ भने टिभी, कम्प्युटर, मोबाईको फ्रिक्वइन्सी या विकिरणले प्राणीहरुको प्रजनन क्षमतामा ह्रास आएको तथ्य विभिन्न समयमा भएका सभा सेमिनारमा थुप्रै बैज्ञानिकहरुले प्रस्तुत गरेका कार्यपत्रहरुमा उल्लेख गरिएको पाइन्छ केही बर्ष पहिले ललितपुर मा र श्रीलंकामा आयोजना गरिएका भंगेरा दिवसको अवसरमा बैज्ञानिकहरुले आज संसारमा भंगेराको संख्या घट्नुको कारण मोबाइल टावरबाट निस्किने फ्रिक्वइन्सीको कारण भंगेराको प्रजनन शक्तिमा ह्रास आएको तथ्य पेश गरेको देखिन्छ भने मनुष्य त मोबाइल कानमा टाँसेर कुरा गर्छ, छातिमा टाँसेर बोक्छ भने, सहजै अनुमान गर्न सकिन्छ कि हरेक समस्या समाधानका साधन स्रोत र उपचार विधि हुंदाहुँदै पनि मनुष्य अस्वस्थ हुने क्रम र रोगहरु झन्झन् बढ्दै गएको प्रष्ट देखिन्छ । आज हाम्रो गलत खानपिन र रहनसहनले शारीरिक रुपमा मात्रै होइन मानसिक रुपमा पनि अत्यन्त कमजोर र रोगी बनाउदै लगेको कुरा आज हरेक कुराको पहुँच र समाधानको नजिक र सम्भावना प्रवल हुंदा हुँदै पनि आत्मदाह, आत्महत्या, युद्ध, हत्या, बलात्कार, भ्रष्टाचार लगायत अन्य नकारात्मक सोच र घटनाहरुमा जतिजति मनुष्य गलत भन्ने जान्दै र बुझ्दै जान्छ, त्यति त्यति घटनाहरुमा वृद्धि हुने क्रम झन्झन् बढ्दै गएको देखिन्छ ? ये तो भला हो रामदेव बाबाका औषधीमा ब्यापारी करण गरे पनि कम से कम बहुसंख्यक नेपालीहरुमा योगा गर्ने बानी त बसाली दिएका छन् ।

यो ब्रह्माण्डमा दुइटा कस्मिक शक्तिहरु छन् । म्याक्रो कस्मस र माइक्रो कस्मस । म्याक्रो कस्मस यानि ब्रह्माण्ड (युनिभर्स) र माइक्रो कस्मस यानि सूक्ष्म प्राणीहरु (क्रियचर अन दिस युनिभर्स) भनेर दर्शाउछ । म्याक्रो कस्मसमा मुख्य दुइटा ठुला शक्तिहरु पृथ्वी र स्वर्ग यानि अन्य ग्रहहरु (अर्थ एण्ड हेभन) विद्यमान छन् र यिनीहरुकै कस्मिक शक्तिले स्वयं एकअर्काको संतुलन मिलाएको छ र पृथ्वीमा भएको सूक्ष्म कस्मिक शक्ति जीवित प्राणीहरुको गति यानी चालको शक्ति संतुलन पनि यिनै दुइटा कस्मिक शक्तिले संतुलित पार्ने गरेको कतिपय कस्मिक उर्जा शक्ति बारे शोध गर्ने शोध कर्ता बैज्ञानिक र प्राकृतिक मनोबैज्ञानिकहरुको भनाइ छ भने ल अफ नेचरको नियमले पनि यही भन्छ र यो प्रक्रिया लगातार ब्रह्माण्डको अस्तित्व रहुन्जेल निरन्तरत भै रहने छ । यो प्रक्रिया संतुलित रुपमा निरन्तर भैरहेसम्म यो ब्रह्माण्डमा या प्राणीहरुको जन्मिने र मृत्यु हुने प्रणाली , सिस्टममा कुनै प्रकारको अप्रिय समस्या उत्पन्न हुन सक्दैन या आउन सक्दैन तर सम्पूर्ण युनिभर्स र अन्य प्राणीहरु प्रकृतिको नियमलाई तलमाथि गर्न सक्ने क्षमता राख्दैनन् तर प्रकृति स्वयंले मनुष्यलाई यति ठुलो शक्ति प्रदान गरेको छ कि उसले प्रकृतिको नियमलाई पनि बदल्ने र ध्वस्त पार्न सक्ने क्षमतता राख्छ । आजको मनुष्य त्यही प्रकृतिले दिएको क्षमताको सदुपयोग भनौं या दुरुपयोग भनौं, प्रयोग गरेर एकातिर युनिभर्स देखि पृथ्वीलाई समेत टुक्राटुक्रा नामाकरण गरि कमजोर पार्दै सिमानाको लडाईंमा युद्ध गराएर हत्या गर्दैछ भने अर्कोतिर मनुष्यको शरिरलाई अलगअलग भागमा (डिभाइड) बाँडेर अनि मनुष्यको शरिरको कुनै एउटा अंगमा देखिएको या जम्मा (डिपोजिट) भएको बिषाधी एवं उर्जाको कमिले फ्लस गर्न नसकेको फोहर (टक्सिन ) लाई अंग अनुसार एउटा रोग भन्ने नाम दिएर विभिन्न रसायन, केमिकलद्वारा या लेजर एवं शल्यक्रिया द्वारा निर्मुल पार्ने अथक प्रयत्न लगातार गर्दै आएको छ र निरन्तर गर्दै छ । यस प्रकारको प्रयत्नले समस्या या रोग ठिक भएर आराम भएको देखिए पनि निरन्तर औषधी सेवन गरिरहनु पर्ने र औषधी सेवन नगरे फेरि समस्या या रोग दोहरिने गरेको तथ्य लुकाउन सकिन्न । कालान्तरमा औषधीको मात्रा (डोज) बढाउने पर्ने पनि देखिन्छ भने उत्तिकै नकारात्मक असर (साइड इफेक्ट) हरु पनि हुन्छ भन्ने भनाइ स्वयं औषधी प्रेस्कराइब गर्ने डाक्टर या औषधी निर्माण गर्ने कम्पनीहरुले नै भनेको तथा लिखित रुपमा पनि प्रचारप्रसार गरेको देखिन्छ । यस्ता कुराहरुले के दर्शाउछ भने, मनुष्य एउटा रोग निको पार्न कतै अन्य थुप्रै रोगलाई निम्त्याइ रहेको त छैन् ?

आँखिर मनुष्यले स्वस्थ रहनको लागि केही कुराको गम्भीरता पुर्वक सोच विचार गर्ने हो भने प्रकृतिको नियम मिचेर आफुखुशी अनुमानको भरमा गरिने उपचार विधिहरु मृग मरिचिका वाहेक अरु केही खासै उपलब्धि मुलक हुन सक्दैनन् ? आजको विज्ञान र बैज्ञानिकहरु एकातिर रोगलाई निर्मुल पार्ने र सकेसम्म मनुष्यले मुत्यमा विजय कसरी पाउन सक्छ भनेर अनुसंधान र शोधखोजमा लागि परेका छन् भने अर्को तिर तिनै बैज्ञानिक बिषाधीको अत्याधिक प्रयोग गरेर खाद्यान्नको उत्पादनमा वृद्धि गरेर अस्वस्थकर खाद्यान्न उत्पादन गरि मनुष्यको आयु छोट्याउने कार्य पनि संगसंगै गरिरहेका छन्, खतरनाक से खतरनाक आणविक र रसायनिक हतियार निर्माण गरेर विश्वलाई युद्धको मैदान बनाउन लगाएर मानव हत्याको नाङ्गो ताण्डव मच्चाइ रहेका छन् । यदि साँच्चै आज संसारभरिका सत्ताधारी र स्वास्थ्य सम्बन्धि सजग गराउने या विभिन्न रोग र उपचार विधिको खोज तलाशमा लागेका बैज्ञानिकहरुले स्वस्थ रहन र रोग सन्चो पार्ने उपायको खोजीको नाउमा अर्वौं धन लुटाउनुको साटो केवल प्रकृतिको नियम पालना गर्ने,खाद्यान्नमा बिषाधीको प्रयोग नगर्ने, कुरामा ध्यान दिन अति आवश्यक देखिन्छ नत्र स्वास्थ्य बारे गरिने शोधखोज र अनेक प्रकारका उपचार पद्धति हात्तीको दाँत मात्रै साबित हुने छन् ।

## साप्ताहिक राशीफल



भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल

**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)
आँट गर्दा चिताएको काम सजिलै बन्नेछ, अध्ययनमा ध्यान केन्द्रित हुनेछ, रोकिएको काम बन्नेछन्, नयाँ कामको थालनी हुनेछ, व्यापार उद्योगमा फाइदा हुनेछ, व्यवसायको लागि यात्राको अवसर खुल्नेछ, विवादमा अघि सर्नाले आलोचित भइनेछ, प्रेमबन्धन कसिन सक्छ, अन्त्यमा स्वास्थ्य अलि कमजोर रहने देखिन्छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)
अरुको आशमा काम गर्दा रोकिनेछ, काम गर्दा पूरा गर्न अलि कसरत गर्नुपर्ने देखिन्छ, साझेदारी लाभ हुनेछ, बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ, अध्ययनमा विशेष सफलता हुनेछ, नयाँ जिम्मेवारी हात लाग्न सक्छ, प्रतिस्पर्धी काममा आफ्नो पक्ष कमजोर रहनेछ, फजुल खर्च बढ्नेछ, अन्त्यमा रमाइलो यात्रा हुने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)
मेहनत गर्दा आँटेको काम पूरा हुनेछ, आर्थिक पक्ष सवल रहनेछ, कामबाट प्रतिष्ठा मिल्नेछ, शुक्रबारदेखि पारिवारिक असमझदारी बढ्ने, आफ्नो श्रम बाट अरुले फाइदा उठाउन सक्नेछन्, पार्टनरमा काम नगर्नु राम्रो देखिन्छ, आइतबारदेखि समय सुधार हुनेछ, मनमा उत्साह छाउनेछ, रोकिएका अधुरा काम पनि पूरा हुनेछन् ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)
जिम्मेवारी हात पर्नेछ, आफ्नो मेहनतबाट अरुले फाइदा लिन सक्नेछन्, कार्यशैलीमा प्रतिस्पर्धा हुनेछ, पुरुषार्थी कामले धन र मान समेत हात पर्नेछ, घरेलु कार्य सफल हुनेछन्, सत्रुले समेत मित्रताको हात अगाडि बढाउनेछन्, बुद्धिको उपयोगले ठूलो सफलता हुने देखिन्छ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)
सुरुमा रमाइलो देखे पनि काममा केही उत्तारचढाव हुने छन्, स्वास्थ्य कमजोर रहनेछ, समस्या समाधान हुन सहयोगीहरुले साथ दिनेछन्, कार्य सफल आंशिक रुपले हुनेछन्, अन्त्यमा अप्ठ्यारो परिस्थिति सुल्झन सक्छ, नयाँ कामको थालनी हुनेछ, आम्दानीको श्रोत पनि सवल हुँदै जानेछ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)
खर्च बढ्नेछ, चिताएको काम रोकिनेछ, स्वास्थ्यमा गडबढ देखिन्छ, अध्ययनमा समय दिन सकिने छैन, शुभ चिन्तकहरु टाढिन सक्छन् । आम्दानीको श्रोत कमजोर बन्नेछ, व्यावसायिक काममा सामान्य उपलब्धी हुनेछ, केही विवादास्पद कामको जिम्मेवारी बहन गर्नुपर्ला, अरुको भरमा काम गर्दा व्यर्थ खर्च बढ्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)
पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ, आम्दानीको श्रोतहरु खुल्नेछन तर सरसापटमा धन बाहिरिन सक्छ, आफूलाई मन परेको चिन खरिद गर्दा खर्च बढ्न सक्छ, शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ, रमाइलो भेटघाट हुनेछ, खानपानमा आनन्द प्राप्त हुनेछ, अध्ययनमा पनि प्रगति हुनेछ, अन्त्यमा वाद विवाद बढ्नेछ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)
समाजमा स्थापित हुने समय छ, उपलब्धी हात पार्ने समय छ, नयाँ काम वा नोकरी प्राप्त हुनेछ, विशिष्ट मान्छेसँगको कामबाट तारिफ हासिल हुने समय छ । सामाजिक कार्यमा पदवी हासिल हुनेछ, मित्रता र प्रेम बन्धन कसिने छ, आम्दानी बढ्नेछ, दिगो काममा लगानी गर्नुपर्ने देखिन्छ, अर्थ अभाव भने रहनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)
अरुको कामबाट सामान्य फाइदा हुनेछ, हिम्मत गर्नाले प्रतिष्ठित काममा सहभागि भइनेछ, नोकरी प्राप्त हुनेछ, आम्दानी बढ्नेछ, अधुरा काम पूरा हुनाले मनमा आनन्द मिल्नेछ, अन्त्यमा लाभांशको केही भाग खर्च गर्नुपर्ने छ र समाजसेवी काममा लोकप्रियता हाशिल हुने देखिन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)
स्वास्थ्य कमजोर हुनेछ, आँटेको काम धनको अभावले रोकिनेछ, शनिबारदेखि स्थितिमा सुधार हुनेछ, मंगलमय हुने कर्म सम्पाद हुनेछ, विवादास्पद काममा सफलता हुने देखिन्छ, नजिकका मित्रले धोका दिनेछन्, अन्त्यमा आम्दानीको श्रोत बढ्नेछ, यात्राको अवसर पनि जुट्ने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)
रमाइलो यात्राको अवसर जुट्नेछ, प्रियजनसँग भेटघाट हुनेछ । सोचेको कामबाट धन लाभ हुनेछ, अप्ठ्यारो काममा बोझ थपिन सक्छ, चोटपटकको योग देखिएको छ, अन्त्यमा हर्ष उल्लाश बढ्नेछ, शुभचिन्तकको सहयोगले आँटेको काम बन्नेछ, मान सम्मान तथा दाम पनि कमाउन सकिने देखिन्छ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)
परिश्रमले अवसर हात पर्न सफल भइनेछ, प्रतिस्पर्धीहरु कमजोर हुनेछन्, प्रियजनसँग भेटघाट हुनेछ, खर्च बढ्नेछ, काम विग्रनाले आकस्मिक झमेला आइलाग्न सक्छ, स्वास्थ्य पनि कमजोर रहनेछ, अन्त्यमा सामाजिक कार्यले मनमा प्रशन्न दिलाउने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौँ) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौँ मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४०००००/५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैँसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौँ मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौँ नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौँ अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# देउवाको कारण बन्दी बन्दै कांग्रेस

काठमाडौं । गत १० पुसको नाटकीय राजनीतिक परिघटनापश्चात पार्टीकै महामन्त्रीदेखि अन्य प्रभावशाली नेताहरूले प्रश्न उठाएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले केन्द्रीय समिति बैठक डाके ।

४ मंसिरको निर्वाचनको समीक्षा र समसामयिक राजनीतिबारे छलफल गर्न देउवाले पुसको तेस्रो हप्ताका लागि बैठक डाकेपछि उपसभापति पूर्णबहादुर खड्काले सामाजिक सञ्जालमा लेखेरै पार्टीबारेमा सार्वजनिक कार्यक्रमहरूमा आलोचना गर्नुभन्दा डाकिएको केन्द्रीय समितिमा गम्भीर छलफल गर्नेगरि गृहकार्य गर्न नेताहरूलाई आह्वान गरे । तर, उक्त बैठक अहिलेसम्म बसेको छैन ।

पार्टी विधानमा हरेक दुई महिनामा केन्द्रीय समिति बैठक गर्ने प्रावधान भए पनि कांग्रेसले गएको भदौ ५ यता केन्द्रीय समिति बैठक गर्न सकेको छैन । ४ मंसिरमा भएको निर्वाचनको समीक्षा समेत नगरेको कांग्रेस, सभापति देउवाको तजबिजमा अल्मलिएको देखिन्छ । सभापति देउवालाई आवश्यक पर्ने राजनीतिक निर्णयका लागि उनी आफ्नो समूहमा छलफल गर्छन् । बेलाबखत कार्यसम्पादन समितिको बैठक गरेर त्यसलाई अनुमोदन गराउँछन् ।

तर, उनको अनिर्णयको बन्दीले पछिल्लो समयमा कांग्रेसले मन्त्रिपरिषद्मा पाएको ८ मन्त्रालयमा मन्त्री समेत पठाउन सकेको छैन । वर्तमान मन्त्रिपरिषद्मा अहिले कांग्रेसका चार मन्त्री सहभागी छन् । देउवाले अन्य चार नाम तत्कालै सिफारिस गर्ने मनस्थितिमा समेत नदेखिएको कांग्रेस नेताहरू बताउँछन् ।

देउवाले लिनुपर्ने कैयन् निर्णयहरू छन्, जसका कारण पार्टीका कामहरू समेत प्रभावित भएको देखिन्छ। १४औं महाधिवेशन भएको डेढ वर्ष बितेपनि देउवाले अहिलेसम्म पार्टीको कोषाध्यक्ष समेत मनोनीत गरेका छैनन् । उनीनिकट नेताहरूका अनुसार देउवाले जानेरै कोषाध्यक्षसहित १२ केन्द्रीय सदस्य मनोनीन गरेका छैनन् । देउवा अहिले आफ्नै कोर समूहभित्रै चार नेतालाई कोषाध्यक्षको प्रलोभलन दिएका बताइन्छ । विधानतः महाधिवेशनबाट सभापति निर्वाचित भएको ६ महिनाभित्रै कोषाध्यक्ष र केन्द्रीय सदस्यहरू मनोनीत गरिसक्नु पर्छ । तर, देउवाले डेढ वर्षसम्म यसलाई वास्ता गरेका छैनन् ।



विधानको त्यो व्यवस्था पालना गरेको भए कांग्रेसको केन्द्रीय समिति, विभाग, समिति र आयोगले २०७९ जेठभित्र पूर्णता पाइसक्नु पर्ने थियो। कांग्रेसको १४औं महाधिवेशन २०७८ मंसिर २७ गने सम्पन्न भएको थियो । सभापति देउवा अघिल्लो कार्यकालभैंं यसपटक पनि 'यत्तिकै टार्ने' मनस्थितिमा देखिन्छन् ।

पार्टीमा मुख्य मानिने पदाधिकारी, केन्द्रीय कार्यसमिति, कार्यसम्पादन समिति र संसदीय बोर्डलाई समेत पूर्णता नदिएपछि देउवा पार्टीमा आलोचित हुँदै आएका छन् । तर, उनले त्यसलाई खासै वास्ता गरेको देखिँदैन ।

देउवाले अहिलेसम्म अनुशासन समिति, केन्द्रीय निर्वाचन समिति, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका संयोजक मात्र बनाएका छन् । देउवाले आनन्द ढुंगानालाई अनुशासन समितिको संयोजक, केन्द्रीय लेखा समिति संयोजकमा श्याम घिमिरेलाई मनोनीत गरे पनि ती समितिहरूले पूर्णता भने पाएका छैनन् ।

डेढ वर्षअघि दोस्रो कार्यकालका लागि सभापतिमा दावेदारी गर्दैगर्दा देउवाले पहिलो कार्यकालका यस्ता कमीकमजोरी नदोहोऱ्याउने प्रतिवद्धता जनाएका थिए । तर, दोस्रो कार्यकालका लागि सभापति निर्वाचित भएका उनले पहिलो कार्यकालभैंं पार्टीका कामहरूलाई वेवारिसे छाडेको देखिन्छ ।

२०७८ फागुन ३ गते केन्द्रीय कार्यसम्पादन समितिले १० वटा भ्रातृ संस्थाको कार्यसमिति भंग गर्दै फागुन मसान्तभित्र केन्द्रीय तदर्थ समिति गठन गर्ने अधिकार सभापति देउवालाई दिएको थियो ।

देउवाले २०७८ फागुन ९ मा नेविसंघ, तरुण दल, असार १० मा नेपाल किसान संघ, नेपाल आदिवासी जनजाति संघ र साउन २६ मा नेपाल महिला संघमा सभापति मनोनीत गरे। ती तदर्थ समितिले पनि पूर्णता पाएका छैनन् । बाँकी भ्रातृ संस्थाहरूमा नेतृत्व समेत आएको छैन ।

कांग्रेस सहमहामन्त्री जीवन परियार यो वर्षको सुरुदेखि नै स्थानीय तह र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन पर्न गएकाले पार्टीका कामहरू प्रभावित भएको बताउँछन् । 'हामीले यसलाई पूर्णता दिनुपर्थ्यो । विलम्ब भएको छ । यसमा सभापतिबाहेक अरु कसैले केही चासो राखेर केही हुने वाला छैन', परियाले भने ।

पार्टीको भातृ संगठनदेखि विभाग र समितिहरू प्रभावकारी भएका खण्डमा त्यसले पार्टीलाई नै फाइदा हुने भएकाले यस्ता कामहरू अलपत्र राख्नु पार्टीका लागि फाइदाजनक नभएको परियारको भनाइ छ ।

हुन त कांग्रेसले १४औं महाधिवेशनमा नेतृत्व चयनको मात्र कार्यतालिका बनाएर ६ महिनापछि पार्टीको विधान महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर, हालसम्म पनि विधान महाधिवेशनको कुनै सुरसार छैन । केही समयअघि कांग्रेसका दुवै महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा अब बस्ने केन्द्रीय समिति बैठकले पार्टीको विधान महाधिवेशनको मिति तय गर्ने बताएका थिए। तर, केन्द्रीय समिति बैठक नै कहिले बस्ने भन्ने यकिन छैन ।

## बालेनले सिंहदरबारको फोहोर नउठाउने कदम किन लिए ?



काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)ले सिंहदरबारभित्रको फोहोर नउठाउने भनेर गरेको घोषणाको पक्ष र विपक्षमा बहस जारी रहेको बेला उनले यो बाध्यात्मक भनेर स्पष्टीकरण दिएका छन् ।

आफूले सुधारका लागि बारम्बार प्रयास गरे पनि सरकारी निकायबाट त्यसको बेवास्ता र लापरबाही भएकाले उक्त निर्णय लिनुपरेको बालेनको भनाइ छ ।

आफूले सुधारका लागि गरेको प्रयासको फेहरिस्त सामाजिक सन्जालमार्फत् सार्वजनिक गर्दै उनले लेखेका छन्, 'संघीय सरकारका रुपमा रहेको सिंहदरबारले जनजिविकाका कुरामा स्थानीय सरकारसँग समन्वय गर्न चाहेको पटक्कै महसुस हुन्न । पटक पटकको कोशिस पछि ९ महिनामा पटक-पटक पहल गर्दा पनि समन्वय गर्न र समन्वय भएका कुराहरु कार्यान्वयन गर्न मुस्किल परेको अवस्था छ ।'

उनी अगाडि लेख्छन्, 'केही दिन अगाडि बाध्य भएर सिंहदरबारको फोहोर नउठाउने निर्णय गर्नु पऱ्यो । त्यो लहडमा अनायासै गरिएको निर्णय थिएन, बारम्बार गरिएको प्रयासमाथिको वेवास्ता, गैरजिम्मेवारी र लापरवाहीको अहिलेसम्मको निष्कर्ष थियो । जसका कारणले त्यो बाध्यात्मक कदम उठाउनु परेको थियो ।'

बालेनले आफूले गरेका सुधारका प्रयास र सरकारी निकायबाट भएका बेवास्ताका १४ उदाहरण पनि लेखेका छन्-

१. गृह मन्त्रालय : अव्यवस्थित बस्ती व्यवस्थापन, ट्राफिक लाइट व्यवस्थापन, मूर्ति चोरी - ३ मन्त्रीसँग पटक पटक पहल, सहमति भएर माइन्युट समेत भइसकेको तर कार्यान्वयन नभएको ।

२. परराष्ट्र मन्त्रालय : विदेशी नियोगले मिचेको फुटपाथ व्यवस्थापन गर्न पत्राचार

३. शिक्षा मन्त्रालय : सरकारी विद्यालयको लागि डिजिटल टिभी, शिक्षक सरुवा तथा शिक्षकलाई समयमै तलब दिने सम्बन्धमा - दुई मन्त्रीसँग विभिन्न चरणमा कुरा हुँदा पनि कुरा अगाडि नबढेको ।

४. स्वास्थ्य मन्त्रालय : सरकारी अस्पताल सरसफाइ, बिमा, सर्वोच्च अदालतले दिएको मन्त्रालयको माथिल्लो तल्ला भत्काउने आदेशको पालना, राष्ट्रिय एम्बुलेन्स (१०२) को काठमाडौं उपत्यकाभरी सेवा दिनलाई बजेट व्यवस्थापन -दुई मन्त्रीसँग विभिन्न चरणमा पहल गरिएको ।

५. पर्यटन तथा नागरिक उड्डयन : एयरपोर्टको नक्सा पास, एयरपोर्टको बर्खाको पानीले गर्दा पेप्सीकोला क्षेत्र डुबानको समाधान, एयरपोर्टमा रहेको नेपाल संवत् सुरु भएको ठाउँमा मूर्ति र पार्क बनाउन पहल-दुई मन्त्रीलाई पटक पटक पहल गरिएको ।

६. अर्थ मन्त्रालय : ५२ वर्षदेखि तिनकुनेमा सरकारले जग्गा मिचे पनि जग्गाधनीलाई मुआब्जा दिन आनाकानी, महानगरले पाउनु पर्ने घरबहाल कर नेपाल सरकारले उठाएकोबारे, याङ्री र लार्के खोलाको पानी मेलम्चीमा जोडेर १२ महिना नै काठमाडौमा मेलम्चीको पानी ल्याउने कार्यक्रम - २ मन्त्रीसँग पटक पटक पहल

७. सहरी विकाश : खोला कोरीडोर, खोला सरसफाइ, खोलामा फोहोर प्रशोधन प्लान्ट, अन्डर पास, बन्चरेमा लिचेडको व्यवस्थापन, माटो क्यापिङको व्यवस्थापन अनि साइटको ग्यास पाइपको व्यवस्थापन, वैकल्पिक बाटोको व्यवस्थापन, काठमाडौंमै फोहोर व्यवस्थापन गर्न कानुन र जग्गा - ४ मन्त्रीसँग पटक पटक पहल ।

८. भौतिक यातायात : रिङरोड बिस्तार, उपत्यका यातायात प्राधिकरण गठन- दुई मन्त्रीहरूसँग पटक पटक पहल ।

९. सूचना तथा सञ्चार : आईएसपी र टेलिकमबिच एकीकृत पूर्वाधार सञ्चालनबारे जसले गर्दा देशभर पोलमा तार व्यवस्थापन गर्न सकियोस् - २ मन्त्रीसँग पहल

१०. ऊर्जा मन्त्रालय : सडक बत्ती अव्यवस्थित रहेकोलाई व्यवस्थापनमा सहयोग - २ मन्त्रीसँग पहल

११. खानेपानी : मेलम्चीको पानी र पाइप व्यवस्थापन, केयुकेएलको उचित व्यवस्थापन पहल-२ मन्त्रीसँग पटक पटक पहल

१२. भूमिसुधार मन्त्रालय : सहकारी नियमावली, सहकारी कानुन, सार्वजनिक जग्गा संरक्षण - मन्त्रीसँग पटक पटक पहल

१३. संघीय मामिला : तिनकुने विवाद पहल, कर्मचारी सरुवा-दुई मन्त्रीसँग पटक पटक पहल

१४. कृषि मन्त्रालय : मल खरिद तथा उपत्यकामा आउने तरकारीको परिक्षण - मन्त्रीसँग पटक पटक पहल ।

यी १४ मन्त्रालयका उदाहरण दिंदै बालेनले प्रश्न गरेका छन्, '५०० मिटरको दुरीमा रहेको स्थानीय सरकारले जनजीविकाका सवालमा उठाएका यस्ता मुद्दा त अगाडि बढ्दैनन्, सुनेको नसुनै हुन्छ भने दुरदराजका स्थानीय तहहरुमा भएको नीतिगत अफठ्यारा, कार्यक्षेत्रको विवाद लगायतका कुराहरुको सम्बोधनको अवस्था कस्तो होला ?'

उनी थप प्रश्न गर्छन्, 'जुन सरकारले अर्को सरकार र जनप्रतिनिधिको कुरा सुन्दैन, बुझ्दैन र प्राथमिकतामा पार्दैन भने त्यसलाई एकअर्काको अस्तित्व स्विकारेको भनेर कसरी मान्ने ? संघीय सरकार संघीयताको सुदृढीकरणमा छ भन्ने कसरी मान्ने ?'

मेयर बालेनले स्थानीय समस्याहरु स्थानीय तहमा नै समाधान हुन सकुन् र संघीय सरकारले त्यसलाई प्राथमिकतामा राखेर गाँठो फुकाइदिओस् भन्ने चाहेको बताएका छन् । देश विकेन्द्रीकरणको उच्चतम् लोकतान्त्रिक व्यवस्था मानिने संघीयतामा गए पनि त्यसको अनुभूति हुने गरी कार्यान्वयन नभएको उनको भनाइ छ ।

सिंहदरबारको फोहोर नउठाउने निर्णय गर्नुको कारणबारे अन्त्यमा बालेनले लेखेका छन्, 'असमन्वयकारी भूमिकाले थुप्रिएको समस्याको चाङ सिंहदरबारले फोहोरमा देखोस् भनेर फोहोर नउठाइएको हो । यो दबाव आवश्यक छ भन्नेमा सायदै दुईमत रहला ।'

## जग्गाको कित्ताकाट सहज बनाउने तयारीमा सरकार

काठमाडौं । अर्थमन्त्री डा. प्रकाश शरण महतले अहिले बन्द रहेको घरजग्गा कित्ताकाट सहज बनाउने विषयमा सरकार छलफलमा रहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं साधरण सभाको उद्घाटन सत्रमा बोल्दै अर्थमन्त्री महतले उक्त कुरा बताएका हुन् ।

'घरजग्गाको कित्ताकाट सहज बनाउन पनि हामी छलफल गरिरहेका छौं । घरजग्गाको कित्ताकाट सहज बनाउँदा मात्रै पनि बजार सहज हुने स्थिति छ,' अर्थमन्त्री महतले भने । यस्तै, अर्थमन्त्री महतले मौद्रिक नीतिको समीक्षा गर्नुपर्ने बेला भएको बताएका छन् । कोभिड-१९ पछिको अर्थतन्त्रको दबाब कम गर्न लिइएको मौद्रिक नीतिको कारणले केही समस्या आएको भन्दै यसलाई फुकाउने समय भएको दाबी गरेका छन् ।

मौद्रिक नीतिमार्फत् आयात रोकेका कारण राजश्वमा दबाब तथा बैंकको ब्याजदर बढ्दा लगानीको वातावरण बिग्रेको अर्थमन्त्री महतले दाबी गरेका छन् । अर्थतन्त्रमा देखिएका सबै समस्याको समाधान गर्न राष्ट्र बैंकको मौद्रिक नीतिमा समीक्षा, निक्षेप र कर्जाको ब्याजदर घटाउन, स्प्रेडदर परिवर्तनका लागि राष्ट्र बैंकसँग आन्तरिक छलफलमा रहेको मन्त्री महतले जानकारी दिएका छन् ।

## अमेरिका र कोरिया पठाइदिन्छु भन्दै ठगेको आरोपमा पवन राणा पक्राउ

काठमाडौं । अमेरिका र कोरिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा काठमाडौंका पवन राणा पक्राउ परेका छन् । उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले चैत २८ गते काठमाडौंबाटै पक्राउ गरेको हो ।

काठमाडौंको बुढानीलकण्ठ नगरपालिकाको कपन बस्ने ४२ वर्षीय राणाले सयौं व्यक्तिहरूलाई वैदेशिक रोजगारीको लागि सहजै अमेरिका र दक्षिण कोरिया पठाइदिन सक्छु भनी करोडौं रकम लिई सम्पर्कविहीन भई ठगी गरेकाले पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

वैदेशिक रोजगार विभागले नै राणालाई पक्राउ गरी कार्यालयमा उपस्थित गराइदिन पत्राचार गरेको थियो । सोही पत्रअनुसार राणालाई चैत २८ गते कपनबाट पक्रेर थप कारबाहीका लागि वैदेशिक रोजगार विभागको जिम्मा लगाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत सोमेन्द्र सिंह राठौरले जानकारी दिए ।

शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा ग्राहकवर्ग, कर्मचारी तथा सम्पूर्ण देशबासी एवम् शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना ।




शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा विश्वमा छरिएर बसेका सम्पूर्ण नेपालीहरुमा बैदिक धर्म, संस्कृति र राष्ट्र रक्षार्थ दैविक सत्गुण प्राप्त होस्, सबैमा मैत्री भाव जागोस्, मठ, मन्दिर आश्रमहरुको संरक्षण होस्, साधु–सन्तको रक्षा होस् । वेदको तत्वलाई जानेर, बुझेर गरिने सत्कर्महरु नै हाम्रो धर्म हो, जीव उद्धारको बाटो हो । यस नवोदित वर्षमा गुरु बृहस्पतिले सबैको सुख, समृद्धि, सु–स्वास्थ्य एवम् उत्तरोत्तर प्रगति गरुन् ।

बृहस्पतिमाता

विश्व नेतृत्व मूल गुरू बृहस्पति सत्सङ्ग समाज

कालमोचनघाट–११, त्रिपुरेश्वर



## फाष्ट ट्र्याक ...

गर्ने लक्ष्य २०८२ साल हुँदैछ । यो लक्ष्य पनि कुनै हालतमा पूरा नहुने निश्चित छ । यसरी नै समयावधि थप्दै लाने र कमिशनखोरहरु मोटाउने अवस्था बनेको छ । सेनाले भन्दा छिटो सरकारकै सडक विभाग अन्तर्गत निर्माण बढाउँदा छिटो हुने थियो भन्ने विश्लेषण हुन थालेको छ । सडक निर्माणसम्बन्धी पर्याप्त अनुभव बटुलेका जनशक्तिले भरिएको सडक विभागलाई बाइपास गरेर सेनालाई दिँदा झन् ढिलो हुन थालेको छ ।

फाष्ट ट्र्याकको ठेक्काको विषयलाई लिएर छिमेकी देश भारतले विष्फोटक पद्धार्थ सेनालाई दिन आनाकानी गर्न थालेको छ । सेनासँग विकास निर्माणमा प्रयोग हुने बिष्फोटक पद्धार्थको अभाव बढ्दै गएको छ । फाष्ट ट्र्याकलाई नै टार्गेट गरेर भारतले विष्फोटक पद्धार्थ दिन विभिन्न प्रक्रिया माग्न थालेको छ । यसको कारण हो फाष्ट ट्र्याकमा चिनियाँ कम्पनीको संलग्नता । अर्कोतर्फ, सेनाभित्र फाष्ट ट्र्याकसम्बन्धी दक्ष जनशक्ति छैनन् । भवन बनाउने अनुभव बोकेका इन्जिनियरहरुलाई फाष्ट ट्र्याकको जिम्मा लगाउँदा समस्या आउने गरेको छ । फाष्ट ट्र्याकको जिम्मेवारी यसअघि विकास पोखरेललाई दिइएकोमा अहिले कमल विक्रम शाह आयोजना प्रमुख छन् । यी दुवै भवन निर्माणका विज्ञ हुन् । प्रमुख नै सडक निर्माणको विज्ञ नहुँदा समस्याहरु निरन्तर आउने गरेका छन् । फाष्ट ट्र्याक यति गिजोलिइसकेको छ कि काम छिटो गर्ने नाममा सेनाले ठेक्कालाई टुक्राउँदै बढीभन्दा बढी कम्पनीलाई जिम्मेवारी दिन खोजिरहेको छ । १० अर्बभन्दा कमको ठेक्का नेपाली कम्पनीलाई मात्र सहभागी गराउन खोजिएको छ । यो पनि आर्थिक चलखेल र काम ढिलो गर्ने गतिविधि अर्न्तगत हो । स्थानीय कम्पनीलाई पनि फाष्ट ट्र्याकको ठेक्का जिम्मेवारी दिन खोजिरहेछ । उसले राज्य व्यवस्था समितिले ठेक्का र कामको गतिबारे दिएको निर्देशन पनि पालना गरेन । सेनाले बलमिच्याईं गर्दा गर्दा राष्ट्रिय गौरवको आयोजना बर्वाद हुने लक्षण बनेको छ ।

## आईजीपी ...

अर्यालले घुमुवा परिचालन गर्न रोक लगाएपछि धेरै हदसम्म भ्रष्टाचार र तस्करी रोकिन पुगेको छ । तर नेपाल प्रहरीमा भने घुमुवा प्रहरी परिचालन गर्ने क्रम रोक्ने बिषय हरेक आईजीपी नियुक्तिको समयमा सार्वजनिक खपतका लागि बोलिने र पछि सेलाउने गरेको छ । हालका आइजीपी कुँवरले संगठनमा आन्तरिक शुद्धिकरणलाई प्राथमिकता दिने त बताएका छन् । तर बर्षौंबर्षदेखि तस्कर र अवैध क्रसरदेखि नदी दोहन गर्नेहरुसँग कनेक्सन भएका घुमुवाहरु हटाउने, दरबन्दीमा फिर्ता गर्ने अभियान ठोस रुपमा लागू गर्न नसके उनको प्रतिबद्धता पनि कागजमै सीमित हुने देखिन्छ । ५ बर्ष, १० बर्षसम्म कार्यरत प्रहरीका त्यस्ता घुमुवाहरुको काम नै हाकिमहरुको लागि असुल्ने हुँदैआएको छ ।

प्रहरीमा घुमुवा राखी अतिरिक्त कमाइ गर्नेमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका एसपी वामदेव गौतम पनि मुछिन पुगेका छन् । गौतमले मकवानपुरमा घुमुवा असई नवीनकुमार थापालाई परिचालन गरी अतिरिक्त असुली अभियान संचालन गरेको आरोप छ । लागूऔषध नियन्त्रण ब्यूरोमा कार्यरत रहँदा छापा हान्ने क्रममा अनियमितता गरेको भेटिएपछि २ पटक कारबाहीमा परेका थापालाई ब्यूरोबाट निकालिएका थिए । ब्यूरोबाट निकालिएपछि थापा मकवानपुरमा एसपीका घुमुवाका रुपमा कार्यरत छन् । उनले क्रसर र लागूऔषधका कारोबारीसँग कनेक्सन मिलाउने गरेको आरोप छ ।

थापा मकवानपुरमा ९ बर्षदेखि घुमुवाका रुपमा कार्यरत छन् । जिल्ला प्रहरी कार्यालयमा मात्र राखिएको आरोपबाट जोगिन एसपीले कहिलेकाहीँ उनलाई चौकीमा पठाए पनि उनले घुमुवाकै रुपमा काम गर्दैआएका छन् । उनको कनेक्सन मकवानपुरका लागूऔषधका कारोबारी र क्रसर व्यवसायीसँग रहेको स्रोतले बताएको छ । एसपी गौतमले क्रसर र लागूऔषधका कारोबारीसँग सेटिङ मिलाउनका लागि असई थापा र बीरगंज, बाराबाट हुने तस्करीको संजालबाट उठाउन चितवनका घुमुवा सुरेन्द्रकुमार साहलाई परिचालन गरेको आरोप छ । मकवानपुरमा सरुवा गराउन नसके पनि चितवनका घुमुवा साह एसपी गौतमका समेत घुमुवाका रुपमा काम गर्दैआएका छन् ।

आफूलाई कडा रुपमा प्रस्तुत गर्दै आएकी बागमती प्रदेशका डीआईजी किरण राणाले हवल्दार साह र असई थापाको तस्करी र रकम असुलीको सिन्डिकेट तोड्न सक्छिन् कि सक्दिनन्, हेर्न बाँकी छ ।

असई थापाका बारेमा गुनासाहरु धेरै आए पनि यसअघि बागमती प्रदेश प्रहरी कार्यालयले उनको संरक्षण गर्दैआएको छ । एसपी वामदेव गौतम डीएसपी जिल्ला प्रहरी कार्यालय मकवानपुरमै कार्यरत रहेको र त्यतिबेला नवीनकुमार थापा घुमुवामै कार्यरत थिए । उनको त्यो अतिरिक्त कमाउने खुबीलाई एसपी गौतमले जिल्लाको कमाण्डर भएपछि गएपछि भरपूर उपयोग गरी लाभ लिइरहेका छन् ।

दर्जाले हवल्दार भए पनि सुरेन्द्रकुमार साह चितवन र मकवानपुर दुवै जिल्लाका प्रहरी प्रमुख मात्र होइन, प्रदेश हुँदै प्रहरी मुख्यालयको उच्चतहसम्मै सेटिङ मिलाउन सक्षम मानिन्छन् । वीरगञ्जबाट बिदुर शिवाकोटी र विनोद सिंहको सेटिङमा छाडिएका सामान बाराका कुनै पनि ठाउँमा समाउन नसक्ने व्यवस्था सई सागर राणाले मिलाउने गरेका छन् । यही सञ्जालका कारण अवैध रूपमा नेपाल भित्र्याइएको मालसमान विनाचेकजाँच सजिलै मुलुकको राजधानी काठमाडौंसम्म पुग्ने गरेको छ ।

हवल्दार साह नौ वर्ष मकवानपुरको पशुपतिनगरस्थित रातमाटे चेकपोस्टमा कार्यरत रहेका थिए । जुन नाकामा बस्ने क्रममा उनलाई तस्करीको नेटवर्क, तस्करीमा प्रयोग हुने ट्रान्सपोर्टहरूको नालीबेली थाहा छ । लागूऔषधसमेत भारततर्फ जाने गरेको रातमाटे चेकपोस्टमा कार्यरत रहेका उनले तस्करीको नेटवर्क सञ्चालन गरेको बारेमा धेरै गुनासा आएपछि तत्कालीन आइजीपी शैलेश थापा क्षेत्रीले उनलाई तानेर १ नम्बर गण टंगालमा कारबाहीस्वरूप १५ दिन राखी गोरखामा सरुवा गरेका थिए ।

गोरखामा सरुवा भएका साह दिवेशकुमार लोहनी गण्डकीको डिआइजी हुँदा च्यानल लगाएर नवलपरासीको इलाका प्रहरी कार्यालय गैडाकोटमा सरुवा मिलाउन सफल भए । पछि सेटिङ मिलाएर दुई वर्षदेखि पुनः जिल्ला प्रहरी कार्यालय चितवनमा सरुवा मिलाएर आएका छन् ।

## डीएसपीसहित ...

तत्कालिन प्रमुख दिनेश घिमिरे, इन्स्पेक्टरहरु श्यामकुमार कटवाल, योगेश खरेल र अरुण भट्टराई, बरिष्ठ सई उद्धव महत र जवान पञ्चु रुम्बामाथि कारबाही प्रक्रिया अघि बढेको हो । उनीहरुमध्ये भट्टराईले भने अवकाश पाइसकेका छन् ।

गत वर्ष पुस २५ मा ललितपुरको महालक्ष्मी नगरपालिका-४ मा भएको दुर्घटनामा मोटरसाइकलचालक राममोहन श्रेष्ठको मृत्यु भएको थियो । अदालतमा मुद्दा दर्ता गर्नुपर्नेमा प्रहरीले चलखेलका आधारमा मिलापत्र गराएको अहिले आएर खुलेको हो ।

श्रेष्ठ आफैँले चलाएको बा.४३प ८६९६ नम्बरको मोटरसाइकल र सुरज तामाङले चलाएको प्रदेश २-३२ प ९७०७ नम्बरको मोटरसाइकल ठोक्किँदा गम्भीर घाइते भएका श्रेष्ठको उपचारको क्रममा मृत्यु भएको थियो । जसमा अर्को मोटरसाइकलका चालकलाई मुद्दा नचलाई मिलापत्र गरिएको थियो । जबकि, सवारी ज्यान मुद्दामा प्रहरीले मिलापत्र गर्न मिल्दैन । नौ लाख रुपैयाँ क्षतीपुर्ती दिने सहमतिमा प्रहरीले मिलापत्र गराएको थियो । तर, सहमतिअनुसार पैसा नभएपछि पीडितहरु प्रहरीमा पुग्दा यसको रहस्य खुलेको हो ।

त्यतिबेला मुद्दा शाखामा इन्सपेक्टर श्याम कुमार कटवाल थिए । तर, कटवालले छानबिन समितिको बयानको क्रममा इन्सपेक्टर वलीकै निर्देशनमा त्यसरी मिलापत्र गरेको बताएका छन् ।

अर्कोतर्फ लाइसेन्स नै नभएका चालकलाई अर्काको लाइसेन्स देखाएको आधारमा जोगाइएको समेत पाइएको छ । यो प्रकरणमा कारबाही सिफारिस भएकाहरु रोकाउनका लागि शक्तिकेन्द्रबाट प्रहरी नेतृत्वलाई दबाब दिइरहेका छन् । इन्सपेक्टर वलीले पनि बालुवाटारको पावर लगाएका छन् ।

प्रचण्डको सुरक्षामा डिएसपी सिद्धराज न्यौपाने नेतृत्वको टोली खटिएको छ । जसमा इन्सपेक्टर वली लगायत छन् । सवारी ज्यान मुद्दामा समेत मिलापत्र गराउने गैरव्यवसायिक प्रहरी अधिकृत प्रधानमन्त्रीको सुरक्षामा बस्नुले यसले गम्भीर प्रश्न उठाएको छ ।

सो घटनामा सातदोबाटो वृत्त र इमाडोल प्रहरी प्रभागको यसमा मिलेमतो देखिएको छ । घटनाको वेला इमाडोल प्रभागको प्रमुखमा इन्स्पेक्टर योगेश खरेल कार्यरत थिए । उनले घटनाबारे माथिल्लो निकायलाई जानकारी समेत गराएनन् भने अर्कोतर्फ चालक तामाङलाई एक रात थुनेर भोलिपल्टै छाडिदिएका थिए । साथै चालक तामाङले चलाएको मोटरसाइकलमा पछाडि एक व्यक्ति पनि सवार रहेको पछि सिसिक्यामेरामा देखिएको थियो, तर प्रहरीले त्यो बारेमा बुझ्ने कामै गरेन ।

खरेलपछि इमाडोल प्रभागमा खटिएका इन्स्पेक्टर अरुणकुमार भट्टराईले नियमविपरीत बिमा रकमका लागि सगरमाथा इन्स्योरेन्सलाई पत्राचार गरेका थिए । जबकि, यस्तो पत्राचार मुद्दा चल्ने प्रहरी कार्यालयले मात्र लेख्न मिल्छ । यो घटनाले प्रहरी अनुसन्धानकै धज्जी उडेको छ ।

## होला त संक्रमणकालीन न्यायको कानून बनाउन सहमति

काठमाडौं । देशका तीन प्रमुख दलका नेताहरुको संयुक्त बैठकले माओवादीको दश वर्षे द्वन्द्वसम्बन्धी विषयहरु टुंग्याउने गरी ल्याउने तयारीमा रहेको संक्रमणकालिन न्यायसम्बन्धी विधेयकलाई सर्वस्वीकार्य बनाउने समझदारी गरेका छन् । मङ्गलवार सभामुख देवराज घिमिरेको पहलमा प्रधानमन्त्री समेत रहेका सीपीएन एमकेका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र सीपीएन यूएमएलका अध्यक्ष केपी शर्मा ओलीसहितको बैठकले यस्तो समझदारी गरेको हो ।

सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, संसदका समितिको नेतृत्वका विषयमा तीन नेताले सर्वस्वीकार्य बनाएर जाने समझदारी गरेका हुन् । तर, अझै यी विषयमा सहमति बनिसकेको छैन । तीन शिर्ष नेता १४ अप्रिलमा पुनः बैठक बस्ने अधिकारीले जानकारी दिए । यसअघि उनीहरुबीच ९ अप्रिलमा बैठक बसेपनि संसदीय समितिमार्फत् संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई अगाडि बढाउने कि फाष्ट ट्र्याकमार्फत् सिधै संसदमा प्रस्तुत गर्ने विषयमा कुरा मिल्न सकेको थिएन ।

तीन शिर्ष नेतहरुले आजको बैठकमा आफ्ना दलका सम्बन्धित नेता, महान्यायाधिवक्ता र पूर्व महान्याधिवक्तालाई समेत राखेर छलफल गरेका थिए । नेपालमा १० वर्षे माओवादी द्वन्द्वका क्रममा भएका घटनाहरुबारे सर्वोच्च अदालतमा मुद्दाहरु पर्न थालेपछि प्रचण्ड नेतृत्वको सरकार संक्रमणकालीन न्यायका विषयहरु विभिन्न आयोग बनाएर टुंगो लगाउन अघि सरेको छ । यसमा कानून निर्माण गर्नुपर्ने भएकाले सत्तारुढ घटक नेपाली काँग्रेस र प्रमुख प्रतिपक्षी सीपीएन यूएमएललाई साथमा लिनुपर्ने वाध्यकारी अवस्था छ ।

## टोपबहादुर रायमाझीलाई अपराधी भनिएको भन्दै संसदमा एमालेको आपत्ति

काठमाडौं । नेकपा एमालेले आफ्नो पार्टीका सचिव टोपबहादुर रायमाझीलाई अपराधी भनिएको भन्दै आपत्ति जनाएको छ ।

बुधवार प्रतिनिधिसभाको बैठकमा नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्यमा संलग्न रहेको भनी एमाले सचिव रायमाझी र उनका छोराको समेत नाम आएको भनी प्रश्न उठाएका थिए ।

लगत्तै एमालेका प्रमुख सचेतक पदम गिरीले आपत्ति जनाएका हुन् । पत्रपत्रिकामा नाम आएको भरमा कुनै पनि सांसदलाई अपराधी करार गर्न नमिल्ने भन्दै प्रमुख सचेतक गिरीले पाण्डेको अभिव्यक्ति संसदीय रेकर्डबाट हटाउन माग गरे । एकीकृत समाजवादीका उपाधयक्ष समेत रहेका सांसद पाण्डेले 'अपराधी छन् भने सांसद पनि कारबाहीमा पर्नुपर्छ' भन्ने आफ्नो भनाइ रहेको भन्दै प्रतिवाद गरे । यस विषयमा सभामुखले भने कुनै निर्णय लिएनन् ।

## ७० दशकमा भएको राजनीति

# संविधान, नाकाबन्दीदेखि संसद् विघटनसम्म

२०७० को दशक हामीबाट अन्त्य हुँदैछ । १० वर्षको यो अवधिमा नेपालले निकै महत्त्वपूर्ण कालखण्ड पार गरेको छ। खासगरी सात दशकदेखिको सपना भनिने संविधानसभाबाट संविधान घोषणा यही दशकमा सम्भव भयो । त्यसपछि भएका दुई वटा निर्वाचनले मूलभूत रुपमा राजनीतिक संक्रमणकालको अन्त्य गरेको छ । तर, प्रतिनिधि सभा विघटन जस्ता हर्कतले हाम्रा दल र शीर्ष नेताहरूमा अझै पनि सुझबुझपूर्ण राजनीतिभन्दा पनि आवेग र प्रतिशोधको राजनीति बाँकी नै रहेको प्रष्ट पार्‍यो ।

नेपालले राजनीतिक रुपमा यो दशक कसरी पार गर्‍यो? कस्ता उतारचढावहरू बेहोर्नुपर्‍यो ? त्यसको आकलन गर्न सहज हुने गरी यस दशकका केही महत्वपूर्ण राजनीतिक घटनाहरूलाई स्मरण गरिएको छ । राजनीतिक रुपमा नेपालमा दैनिक केही न केही चर्चायोग्य गतिविधिहरू भइरहने भए पनि यहाँ भने दीर्घकालीन अर्थ र सन्देश दिने खालका सीमित घटनाहरूलाई मात्रै चर्चा गरिएको छ :

### संविधानसभा निर्वाचन २०७०

पहिलो संविधानसभा निर्वाचन (२०६४ चैत २८) बाट गठित संविधानसभा (२०६५-२०६९)ले संविधान घोषणा गर्न नसकेपछि दोस्रो संविधानसभाका लागि २०७० मंसिर ४ मा निर्वाचन भएको थियो । यो निर्वाचनबाट पहिलो संविधानसभाको शक्ति संरचनामा व्यापक हेरफेर भएको थियो ।

त्यसअघि पहिलो ठूलो दल रहेको एमाओवादी तेस्रो दलको रुपमा खुम्चिएको थियो । परम्परागत प्रतिस्पर्धी कांग्रेस र एमाले क्रमशः पहिलो र दोस्रो शक्ति भएका थिए। पहिलो संविधानसभामा प्रभावशाली रहेका मधेस केन्द्रित दलहरूको पनि शक्ति क्षीण हुन पुगेको थियो । प्रत्यक्ष, समानुपातिक तथा मनोनित सबै गरी कांग्रेस, एमाले र एमाओवादीको क्रमशः २०६, १८४ र ८३ सिट थियो। पहिलो संविधानसभामा ५४ सिट रहेको मधेसी जनअधिकार फोरम १४ सिटमा खुम्चिएको थियो ।

संविधानसभामा सबैभन्दा ठूलो दल बनेपछि नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता सुशील कोइराला प्रधानमन्त्री बनेका थिए । उनलाई दोस्रो ठूलो दल नेकपा एमाले लगायतले साथ दिएको थियो। २०७० माघमा प्रधानमन्त्री बनेका कोइरालाको पदावधि २०७२ असोजसम्म कायम रह्यो । संविधानसभाबाट संविधान घोषणा भएपछि सरकार हेरफेर भएको थियो ।

### संविधान घोषणा

पहिलो संविधानसभा असफल भएपछि दोस्रो संविधानसभा गठन भएको थियो । निर्वाचन परिणाम सार्वजनिक भएको २१ दिनभित्र संविधानसभाको पहिलो बैठक बस्नुपर्ने अन्तरिम संविधानको प्रावधान अनुसार २०७० माघ ८ गते पहिलो बैठक बसेको थियो । यसरी सुरु भएको दोस्रो संविधानसभाले २०७२ असोज ३ मा संविधान जारी गरेको थियो ।

२०७२ भदौ ३० गते संविधानसभाबाट संविधान पारित भएको थियो। त्यस दिन उपस्थित ५३२ जनामध्ये ५०७ जनाले पक्षमा र २५ जना ले विपक्षमा मतदान गरेका थिए । २०७२ असोज १ गते संविधानसभा भवनमा हस्ताक्षरका लागि संविधानमा भने ५३७ जना सभासदले हस्ताक्षर गरेका थिए ।

असोज ३ गते संविधान जारी गर्दै राष्ट्रपति रामवरण यादवले वक्तव्य दिँदै भनेका थिए, 'जनताका प्रतिनिधिद्वारा संविधानसभाबाट पारित यो संविधान नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र जनतामा निहित सार्वभौमसत्ताको रक्षा गर्ने हाम्रो साझा सङ्कल्पको दस्तावेज हो ।'

संविधानमा २०७२ माघ ९ मा पहिलो पटक संशोधन भयो। त्यसदिन संविधानको धारा ४२ र २८६ मा संशोधन गरिएको थियो। संशोधनमाथि मतदान हुँदा ४६८ सांसद उपस्थित थिए । जसमध्ये पक्षमा ४६१ र विपक्षमा ७ मत परेको थियो । त्यतिबेला जारी मधेस आन्दोलनलाई सम्बोधन गर्ने एउटा उपायस्वरुप संविधान संशोधन गरिएको थियो । तर, आन्दोलनरत दलहरूले त्यसको अपनत्व लिएनन् । दोस्रो पटक २०७४ भदौ ५ मा पनि संविधान संशोधनको प्रयास गरिएको थियो । तर, प्रस्ताव पारित हुन आवश्यक दुई तिहाइ मत पुगेन । त्यस्तै, नेपालको अद्यावधिक नक्सा समेटिएको निशान छाप परिवर्तनका लागि २०७७ मा पनि संविधान संशोधन भएको थियो। प्रतिनिधि सभाबाट २०७७ जेठ ३१ र राष्ट्रिय सभाबाट असार ४ संविधान संशोधन विधेयक पारित भएको थियो ।

### मधेस आन्दोलन

दोस्रो संविधानसभाले पनि संविधान निर्माण गर्नेमा संशय बढिरहेको थियो । किनकि, २०७१ माघदेखि खासै प्रगति हुन सकेको थिएन । केही महिनाको अन्यौलका बीच २०७२ जेठ २५ गते प्रमुख दलहरू कांग्रेस, एमाले, एमाओवादी र मधेस जनअधिकार फोरम लोकतान्त्रिकले १६ बुँदे सहमति गरेका थिए । यसले संविधान निर्माणको स्थगित प्रक्रियालाई गति दियो ।

तर, सँगसँगै मधेस केन्द्रित केही दललाई भने असन्तुष्ट बनायो। खासगरी, सद्भावना पार्टी, मधेसी जनअधिकार फोरम नेपाल, तमलोपा र तमसपाले संगठित रुपमै असन्तुष्टि जनाए । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नाममा त्यसपछि सडक संघर्ष सुरु भयो । सदन/संविधानसभामा पनि उनीहरूले असन्तुष्टि व्यक्त गरे। पछि त बहिस्कार नै गर्न थाले । संविधान निर्माणको प्रक्रिया फास्ट ट्र्याकमा अघि बढिरहँदा मधेस क्षेत्रमा असन्तुष्टि पनि बढ्दै जान थाल्यो । त्यसैको उत्कर्षस्वरुप टीकापुर घटना घट्यो। मधेस आन्दोलनकै बीचमा २०७२ असोज ३ गते संविधान घोषणा भयो। मधेस क्षेत्रमा विरोधस्वरुप 'ब्ल्याक आउट' गरियो ।

संविधानप्रति असन्तुष्ट भारतले नाकाबन्दी लगायो । आन्दोलनरत मोर्चाले नाकाबन्दीको पनि अपनत्व लिए । पछि नाकाबन्दी खुल्यो। तर, मोर्चाको आन्दोलनमा पनि अन्यौल उत्पन्न भयो । २०७२ माघमा भएको संविधान संशोधनलाई उनीहरूले अपनत्व लिएनन् । बरु पछि काठमाडौं केन्द्रित कार्यक्रमहरू आयोजना गरे तर उल्लेखनीय उपलब्धि खासै केही भएनन् । विस्तारै विभिन्न किसिमका निर्वाचनमा भाग लिन थाले ।

### भारतीय नाकाबन्दी

नेपालमा संविधानसभाबाट संविधान जारी गर्ने प्रक्रिया अघि बढ्दा भारतले आफ्ना सरोकारहरू पनि राखिरहेको थियो । संविधान जारी हुनुअघि विभिन्न समयमा भएका शीर्ष नेताहरूको भ्रमण र अन्य माध्यमबाट त्यस्ता सरोकारहरू व्यक्त भएका विषय सार्वजनिक भइसकेकै छन् । खासगरी हिन्दूराष्ट्रमा उसको जोड थियो भनेर कतिपय नेताले सार्वजनिक रुपमै भनेका छन् ।

संविधान जारी हुने सबै तयारी सकिएका बेलामा आफ्नो असन्तुष्टि जनाउन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विशेष दूत विदेश सचिव एस जयशंकर काठमाडौं उत्रिए । उनले सबैजसो शीर्ष नेताहरूलाई भेटेर संविधान रोक्न चेतावनी दिए। र, नरोके 'जे पनि हुने' धम्की पनि दिए ।

भारतीय असन्तुष्टिका बीच पनि संविधान जारी भयो । संविधान जारी हुनासाथ भारतले नेपाल भित्रिने सामानहरूमा अवरोध गर्न थाल्यो । त्यतिबेला आन्दोलनरत मधेस मोर्चाले नाकाबन्दीको स्वामित्व लिइदिए । भारतले नाकाबन्दी गरेको भन्ने सन्दर्भ आउनासाथ उनीहरू भन्थे- भारतले होइन, नाकाबन्दी हामीले गरेको हो ।

जबकि, भारतले असोज ५ गते नाकाबन्दी सुरु गरेको थियो, मोर्चाको असोज ५ र ६ गते राजविराजमा बसेको बैठकले भन्सार नाका बन्द गराउने लगायतका आन्दोलनका कार्यक्रम तय गरेको थियो । यो प्रसंगमा ख्याल गर्नुपर्ने कुराचाहिँ भारतले आफूद्वारा गरिएको नाकाबन्दीलाई औपचारिक रुपमा स्वीकार भने गरेन । त्यसैले अघोषित नाकाबन्दीको रुपमा त्यो चर्चित भयो ।

भूकम्पको पीडा भर्खरै झेलेको नेपालका लागि भारतीय नाकाबन्दीले थप पीडा दियो । काठमाडौं लगायतका मुख्य सहरमा मान्छेका यात्राहरू कष्टकर भए । खाना पकाउने ग्यासका लागि मानिसहरू रातभर ग्यास डिपोको अघिल्तिर लाइन लाग्नुपर्‍यो । सवारी साधनका लागि चाहिने इन्धनका लागि उस्तै लाइन लागे । मान्छेका दैनिकीमा अनेक कोणबाट हैरानी थपिए। नाकाबन्दीको अन्तर्राष्ट्रिय रुपमै चर्चा हुन थालेपछि, भारतको बदनामी हुन थालेपछि र नाकाबन्दी जारी राख्दा पनि थप उपलब्धि हासिल नहुने भएपछि भारतले २०७२ माघ २२ गते एकतर्फी रुपमा नाकाबन्दी खोलिदियो । त्यतिञ्जेल नाकाबन्दीको अपनत्व लिइरहेका मधेसी मोर्चासँग कुनै समन्वय गरेन। मोर्चा आफ्नै 'अपनत्व'ले अप्ठ्यारोमा पर्‍यो । बल्ल २५ गते मोर्चाले वक्तव्यमार्फत् नाकाबन्दी अन्त्य भएको घोषणा गर्‍यो ।

स्थानीय तह निर्वाचन २०७४/२०७९

संविधानले पहिलो पटक स्थानीय सरकारको पनि व्यवस्था गरेको थियो। सो सरकारको निर्वाचन २०७४ मा पहिलो पटक तीन चरणमा भएको थियो । जस अनुसार २०७४ वैशाख ३१ मा प्रदेश ३, ४ र ६ का ३४ जिल्लामा चुनाव सम्पन्न भएको थियो । त्यस्तै, असार १४ मा प्रदेश १, प्रदेश ५ र प्रदेश ७ का ३५ जिल्लामा चुनाव भयो । र, सोही वर्ष असोज २ गते प्रदेश २ का ८ जिल्लामा चुनाव भयो । ७५३ स्थानीय तहमध्ये त्यतिबेला नेकपा एमालेले २९४, नेपाली कांग्रेसले २६६ र माओवादी केन्द्रले १०६ पालिकाको प्रमुख/अध्यक्ष जितेको थियो ।

स्थानीय सरकारका लागि २०७९ वैशाख ३० मा दोस्रो पटक निर्वाचन भयो । यसपटक भने देशभर एकैसाथ निर्वाचन भएको हो । यस निर्वाचनमा भने कांग्रेसले ३२९, एमालेले २०६ र माओवादी केन्द्रले १२१ पालिकाको प्रमुख/अध्यक्ष जितेका छन् ।

२०७४ को स्थानीय तहको निर्वाचनमा परम्परागत शक्तिहरूले नै जित निकालेका थिए । जित्न त २०७९ मा पनि धेरै ठाउँमा परम्परागत शक्तिहरूले नै जितेका छन् । तर, यसपटक भने स्वतन्त्र उम्मेदवारको चर्चा उल्लेखनीय रह्यो । पुराना दलहरूप्रति जनतामा व्याप्त आक्रोशको असरले गर्दा कतिपय स्वतन्त्र उम्मेदवारप्रति समर्थन बढेको देखियो । काठमाडौंमा बालेन शाह, धरानमा हर्क साम्पाङ तथा धनगढीमा गोपाल हमाल जस्ता स्वतन्त्र उम्मेदवारले जिते । त्यसबाट सिर्जित लहरका कारण प्रतिनिधि सभा र प्रदेश सभामा समेत स्वतन्त्र र नयाँ दलप्रति आकर्षण देखिएको थियो ।

### आम निर्वाचन २०७४

संविधान घोषणा भएपछिको पहिलो आम निर्वाचन २०७४ मंसिर १० र २१ मा सम्पन्न भएको थियो । गठबन्धन बनाएर निर्वाचनमा होमिएका एमाले र माओवादी केन्द्रले उल्लेखनीय सफलता पनि पाएका थिए । प्रतिनिधि सभामा मात्रै होइन, सातमध्ये ६ वटा प्रदेशमा यी दुई दलको बहुमत आएको थियो । प्रतिनिधि सभामा एमालेको १२१, कांग्रेसको ६३, माओवादी केन्द्रको ५३, राष्ट्रिय जनता पार्टीको १६, संघीय समाजवादी फोरमको १५, नेमकिपाको १, राप्रपाको १, राजमोको १, नयाँ शक्तिको पार्टीको १ र स्वतन्त्र उम्मेदवारको १ सिट थियो । निर्वाचनबाट पहिलो शक्ति बनेको एमालेका अध्यक्ष केपी शर्मा ओलीले माओवादी केन्द्रको प्रमुख सहयोगमा सरकारको नेतृत्व गरे । त्यस्तै, सुरुआतमा एमालेले ४ वटा, माओवादी केन्द्रले २ वटा र संघीय समाजवादी फोरमले एउटा प्रदेश सरकारको नेतृत्व गरे ।

प्रधानमन्त्री ओलीले दुई/दुई पटक प्रतिनिधि सभा विघटन गरेपछि संघीय सरकारदेखि कैयौं प्रदेश सरकारको नेतृत्व परिवर्तन भयो । प्रधानमन्त्री ओलीलाई शेरबहादुर देउवाले प्रतिस्थापन गरे । त्यसैगरी कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा पनि मुख्यमन्त्रीहरू फेरिए । प्रदेश सभाको पहिलो कार्यकालमा कोशी र बागमती प्रदेशमा तीन/तीन जनासम्म मुख्यमन्त्री भए ।

### एमाले र माओवादी केन्द्रबीच एकता र विभाजन

नेकपा एमाले र नेकपा माओवादी केन्द्रले २०७४ असोज १७ गते पत्रकार सम्मेलन गरी ६ बुँदे सहमति सार्वजनिक गरे। यो निकै आकस्मिक घटना थियो । कारण, यसबारे कुनै संकेतसम्म बाहिरिएको थिएन । दशैंका बेलामा उनीहरूले वाम एकताको मार्गचित्रसहित सहयात्राको सहमति गरेका थिए । ६ बुँदे सहमति पत्र सार्वजनिक गर्दा तत्कालीन नयाँ शक्ति पनि वाम गठबन्धन र एकतामा सँगै जाने उल्लेख थियो तर, सो पार्टी दशौं दिनमा नै बाहिरियो। एमाले र माओवादी बीचको सहकार्य भने जारी नै रह्यो। सो सहमतिपत्रमा निर्वाचनमा तालमेल गर्ने र निर्वाचनपछि एकता गर्ने उल्लेख थियो ।

विभिन्न चरणका सहमति हुँदै एमाले र माओवादी केन्द्रबीच २०७५ जेठ ३ गते एकता भयो। र, जन्मियो, नेपाल कम्युनिस्ट पार्टी (ने क पा) । त्यस दिन सार्वजनिक गरिएको ६ बुँदे घोषणापत्रमा भनिएको थियो- 'युगिन महत्त्वको यस घोषणाले राजनीतिक स्थायित्व, दिगो शान्ति र समृद्धि कायम गर्ने लामो समय देखिको राष्ट्रको आवश्यकता र जनताको चाहना पूरा भएको छ ।'

सुरुआतमा सहज ढंगले चलेको भए पनि नेकपामा विस्तारै मतभेदहरू देखा पर्न थाले। त्यसकै उत्कर्ष थियो, २०७७ पुस ५ मा प्रतिनिधि सभा विघटन । यो विघटनले नेकपालाई अनौपचारिक रुपमा विभाजन गरिदियो । यस्तो अवस्थामा २०७७ फागुन २३ मा सर्वोच्च अदालतले एक फैसलामार्फत् नेकपाको एकतालाई खारेज गरिदियो। नेकपा नाम आफू नेतृत्वको पार्टीको हुँदाहुँदै निर्वाचन आयोगले अर्को पार्टीलाई त्यही नाम दिएको भन्दै ऋषि कट्टेलले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासले नेकपाको एकता नै खारेज गरिदिएको हो। त्यसपछि पुनः एमाले र माओवादी केन्द्र क्रियाशील भए। एमाले भने २०७८ भदौमा पुनः विभाजित भयो ।

### प्रतिनिधि सभा विघटन

निर्वाचन २०७४ बाट प्रधानमन्त्री भएका थिए, केपी शर्मा ओली। उनी नेतृत्वको पार्टी एमालेले माओवादी केन्द्रसँग एकता गरेपछि गठन भएको नेपाल कम्युनिस्ट पार्टी (ने क पा) निकै शक्तिशाली बन्यो । प्रधानमन्त्री ओली पनि शक्तिशाली बने। पार्टी ठूलो र शक्तिशाली बने पनि केही समयपछि नै त्यहाँभित्र विवाद सिर्जना हुनथाल्यो। २०७७ को प्रारम्भदेखि त्यो विवाद उत्कर्षतिर बढ्यो ।

नेकपाका अध्यक्ष समेत रहेका ओलीले पार्टीभित्रको विवादलाई समाधान गर्नुभन्दा प्रतिनिधि सभा विघटन गर्ने उपाय अख्तियार गरे । सोही अनुसार पार्टीभित्र कुनै सल्लाह नगरी र मन्त्रिपरिषद्का सदस्यहरूकै विरोधका बाबजुद उनले २०७७ पुस ५ मा प्रतिनिधि सभा विघटन गरिदिए । उनको यो कदमको विरुद्ध नेकपाकै पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल पक्षले सडकदेखि अदालतसम्म चुनौती दियो। अन्य पार्टीहरू पनि विरोधमा उत्रिए । अदालतले २०७७ फागुन ११ गते विघटनलाई असंवैधानिक ठहर गर्दै प्रतिनिधि सभा पुनःस्थापित गरिदियो ।

पहिलो विघटन असफल भए पनि ओलीले प्रतिनिधि सभालाई आरोपित गर्ने र पुनः विघटन गर्ने परिस्थितिको खोजी गरिरहे। सोही अनुसार, २०७८ जेठ ७ गते राति दोस्रो पटक पुनः प्रतिनिधि सभालाई विघटन गरे । मन्त्रिपरिषद्को सो सिफारिसलाई राष्ट्रपति भण्डारीले जेठ ८ गते (बिहान १: ४९ बजे) अनुमोदन गरिदिइन्। यो विघटनलाई पनि सर्वोच्च अदालतले असंवैधानिक ठहर गरिदियो । २०७८ असार २८ मा गरिएको सो फैसलाबाट भने ओलीले पद पनि गुमाए ।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ मंसिर ४ मा सम्पन्न भयो। यस निर्वाचनमा दुई किसिमको गठबन्धन बनेको थियो । नेपाली कांग्रेसको नेतृत्वमा माओवादी केन्द्र, एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चाले देशव्यापी गठबन्धन बनाएर निर्वाचनमा होमिएका थिए । केही ठाउँमा भने गठबन्धनकै दलभित्र पनि मित्रवत् प्रतिस्पर्धा भएको थियो। अर्कोतिर, नेकपा एमालेले जसपा र राप्रपा जस्ता दलसँग कैयौं ठाउँमा गठबन्धन गरेको थियो ।

निर्वाचनमार्फत् राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीहरूको उदय भयो। विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टीले भने प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १३ सिट जित्दै आफूलाई वैकल्पिक शक्तिको रुपमा प्रस्तुत गर्‍यो । यो पार्टीका उम्मेदवारहरूले काठमाडौं र चितवन जस्ता ठाउँमा उल्लेखनीय सिट नै जिते भने कैयौं ठाउँमा दोस्रो वा तेस्रो प्रतिस्पर्धीको रुपमा देखिए ।

समानुपातिकतर्फ पनि तेस्रो ठूलो दल माओवादी केन्द्रको हाराहारीमा मत पायो। त्यस्तै, राप्रपाले पनि आफूलाई थप बलियो बनायो । २०७४ मा १ सिट रहेको राप्रपा २०७९ मा आइपुग्दा १४ सिटमा फैलियो ।